# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३४ | काठमाडौं | शुक्रबार, ०५ पुस २०८१ | Prabhab National Daily | Friday, December 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन,
- यसले जमिन तथा जल प्रदुषण गर्दछ,
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ,
- प्लाष्टिक जलाउदा वायुमण्डल प्रदुषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ,

**त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।**


gkfn ;/sf/
विज्ञापन बोर्ड


रास्वपा र प्रहरीको एकै प्रश्न

# कसले बाहिर ल्यायो यो फोटो ?

तस्बिर हिरासतकै भन्ने बुझियो । त्यसरी खिच्न कसैले पाइँदैन तर खिचिएछ, एक जनाले मैले खिचेको भनेर स्वीकारेको भन्ने छ, यसबारे अनुसन्धान भइरहेको छ

**विश्व अधिकारी**
**प्रहरी वरिष्ठ उपरीक्षक**



**जेबी योञ्जन**

**काठमाडौं–** सामाजिक सञ्जालहरूमा भाइरल भइरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको तस्बिर कास्की प्रहरीको हिरासतमा उनी निदाइरहँदा सीसीटीभीबाट खिचेको पाइएको प्रहरीले स्पष्ट पारेको छ । मुलुकी अपराध संहिताअनुसार हिरासतमा रहेका आरोपीको तस्बिर वा भिडियो खिच्न पाइँदैन ।

तर, सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणका आरोपी लामिछानेको हिरासतमा सुतिरहँदाको तस्बिर खिच्न. निकोलस भुसालले पहुँच पुऱ्याएको देखिएको छ । भुसालले आफूले तस्बिर खिचेको स्वीकारेका छन् । उनी रास्वपा समर्थक हुन् ।

हिरासतमा रहेका विभिन्न मुद्दाका आरोपी रविको तस्बिर बाहिरिँदा प्रहरीको गम्भीर सुरक्षा कमजोरी पनि उदाङ्गिएको छ । हिरासतमा प्रहरीले अपनाउने सुरक्षा संवदेनशीलतामाथि प्रश्न उठेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विश्व अधिकारी कास्की प्रहरीको हिरासतमा सुरक्षा कमजोरी देखिएको बताएका छन् ।

'तस्बिर हिरासतकै भन्ने बुझियो । त्यसरी खिच्न कसैले पाइँदैन तर खिचिएछ, एक जनाले मैले खिचेको भनेर स्वीकारेको भन्ने छ, यसबारे अनुसन्धान भइरहेको छ', उनले प्रभावसँग भने । भाइरल तस्बिरमा रवि निदाइरहेको देखिन्छ । आसपासमा केही पुस्तक देखिन्छन् । उक्त तस्बिर बाहिरिएपछि रास्वपाकै सहमहामन्त्री दीपक बोहोराले तस्बिरप्रति प्रश्न गर्दै भनेका छन्- 'कति हो यो फोटोको मूल्य ?'

उनले निदाइरहँदाको तस्बिर खिचेर रविलाई थप अन्यायमा पारेको भन्दै आक्रोश पोखेका छन् । तर, तस्बिर प्रहरीले नभइ रास्वपाकै समर्थक भुसालले खिचेको स्वीकारेका छन् । उनले हिरासतमा रहेका लामिछानेको तस्बिर खिच्नु गल्ती भएकोसमेत बताए । त्यसबारे उनले माफी मागेका छन् । 'मबाट कसैलाई दोष लगाउने या खराब नियत थिएन । भ्रममा नपर्न अनुरोध', उनले भने, 'म स्वास्थ्य अवस्था बुझ्न र हौसला प्रदान गर्न गएको थिएँ ।'

यता गृहमन्त्री रमेश लेखकले कास्की प्रहरीको हिरासतमा रहेका लामिछानेको तस्बिर सार्वजनिक गर्नेलाई तत्काल कारबाहीमा ल्याउन निर्देशन दिइसकेका छन् । बिहीबार गृहमन्त्री लेखकले प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरलाई उक्त विषयमा छानविन गरी दोषी जो सुकै भए पनि कारबाहीको दायरामा ल्याउन निर्देशन दिएका हुन् ।

क्रमशः पृष्ठ २ मा

विष्णु पौडेल बैंककमा

# अर्थमन्त्रीमा गगनको चर्चा

- चीनसँग पछिल्लो पटक गरिएको बिआरआई फ्रेमवर्क सम्झौतामा गगन थापाको विशेष भूमिका रहेकोले पनि प्रधानमन्त्री केपी शर्मा ओली उनीप्रति सकारात्मक
- गगनले अर्थ पाए उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई गृहमन्त्रालयको जिम्मेवारी दिने तयारी
- मन्त्री हेरफेरसहितको एजेन्डा रहेको भनिएको बिहीबारको मन्त्रिपरिषद् भने स्थगित



**प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल यतिबेला थाइल्यान्डको बैंककमा छन् । एसिया प्रशान्त क्षेत्रको विकासका लागि वित्त पोषणसम्बन्धी उच्चस्तरीय क्षेत्रीय परामर्श कार्यक्रममा सहभागी पौडेल व्यस्त भैरँहदा उनको मन्त्रालयको नेतृत्व भने परिवर्तनको तयारी भइरहेको छ ।

पौडेल बैंककमा व्यस्त हुँदा अर्थमन्त्रीमा कांग्रेस महामन्त्री गगन थापाको नाम फेरि चर्चामा आएको हो । पटकपटक झैं यसपटक पनि महामन्त्री थापाको नाम अबको अर्थमन्त्रीका रूपमा चर्चामा आएको हो । कांग्रेस स्रोतका अनुसार थापाले धेरैअघिबाट अर्थमन्त्री बन्ने रहर गरिरहेका छन् । 'पछिल्लो दिन महामन्त्रीज्यू जसरी पनि अर्थमन्त्री बन्ने भनेर लागिरहनुभएको छ,' कांग्रेस स्रोतले भन्यो । थापाले आफू अर्थमन्त्री बन्न अर्थतन्त्र सुधारका विषयमा पनि अभिव्यक्ति दिन थालेका छन् । चीनसँग पछिल्लो पटक गरिएको बिआरआई फ्रेमवर्कमा थापाको विशेष भूमिका रहेकोले पनि प्रधानमन्त्री केपी शर्मा ओली उनीप्रति सकारात्मक रहेको बताइएको छ । 'बिआरआई फ्रेमवर्क सम्झौता गर्ने बेला गगन थापाले दिनरात नभनी प्रधानमन्त्री ओलीसँग काम गरेका छन् । उनी अर्थमन्त्री नबने सरकार ढल्ने सम्मको कुरा छ,' कांग्रेस स्रोतले भन्यो ।

यसअघि पनि थापाले अर्थतन्त्र सुधारबारे विभिन्न मञ्चहरूबाट सरकारलाई सुझाव दिँदै आइरहेका छन् । त्यसो त थापा अर्थमन्त्री बन्ने हल्ला यसअघि पनि नचलेको होइन । २०७९ को निर्वाचनयता थापा अर्थमन्त्री बन्ने चर्चा लगातार चलेको हो । यसपटक भने सरकारमा सहभागी भएका मन्त्रीहरूको कमजोरी देखाउँदै कांग्रेसमा थापानिकट नेताहरूले मन्त्री फेरबदल गर्नुपर्ने दबाब दिइरहेका छन् ।

### पौडेललाई गृहमा लैजाने तयारी

अर्थ गगनले पाएमा पौडेललाई गृहमन्त्रालयको जिम्मेवारी दिने तयारी रहेको कांग्रेसका नेताहरू बताउँछन् । अहिले प्रधानमन्त्री ओली अर्थमन्त्री पौडेलसँग रुष्ट छन् । 'अर्थतन्त्र खस्कँदो अवस्थामा पुग्दा विष्णु पौडेलले कुनै पर्फमेन्स दिन नसकेको प्रधानमन्त्री कार्यालयको बुझाई छ,' एमाले स्रोतले भन्यो । कार्यसम्पादन सम्झौताअनुसार पौडेलको काम नभएको तर गुट व्यवस्थापन गर्ने क्रममा उनलाई सरकारबाट हटाउन ओलीलाई गाह्रो हुने भएकोले गृहमा सार्ने तयारी भएको बताइएको छ ।

यता अहिलेका गृहमन्त्री रमेश लेखकको पनि प्रस्तुति निकै कमजोर रहेको आरोप छ । 'गृहमन्त्रीजस्तो मान्छे, कुनै एक्सन छैन, आलटाल गर्ने काममा गृहमन्त्री लेखक निकै अगाडि छन्,' कांग्रेसका एक नेताले भने । त्यसैले पनि पछिल्लो समय लेखकलाई मन्त्रिपरिषद्बाट कांग्रेस सभापति शेरबहादुर देउवाले नै बिदा दिने तयारी गरेको ती नेताको दाबी रहयो ।

### रविमाथि कारबाहीको जस लिँदै थापा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारी ठगी आरोपमा अहिले कास्की प्रहरीको कारागारमा छन् । कात्तिक २ गते प्रहरीले लामिछानेलाई काठमाडौंबाट नियन्त्रणमा लिएर पोखरा लगेको थियो । उनी पक्राउबारे कांग्रेसमा धेरैले महामन्त्री थापालाई नै जस दिन्छन् । थापाकै प्रयासमा सहकारीको मुद्दा स्थापित भएको कांग्रेस सभापति शेरबहादुर देउवाले समेत बताएका थिए । 'सहकारीसम्बन्धी कुरा हाम्रो महामन्त्री गगनकुमार थापाले धेरै अध्ययन गरेर भन्नुभएको रहेछ ।

क्रमशः पृष्ठ २ मा

## मन्त्रिपरिषद् बैठक अन्तिममा स्थगित

यसैगरी बिहीबार दिउँसो ४ बजे बस्ने गरी तोकिएको मन्त्रिपरिषद् बैठक स्थगित भएको छ । प्रधानमन्त्री ओलीको स्वास्थ्य कारण देखाउँदै बैठक स्थगित गरिएको हो । बिहीबार बिहान ओलीको त्रिवि शिक्षण अस्पतालमा इन्डोस्कोपी गरिएको थियो । स्वास्थ्य जाँचका क्रममा ओलीलाई इन्डोस्कोपी गरिएको उनका निजी चिकित्सक दिव्या सिंहले बताइन् । परराष्ट्रमन्त्री आरजु राणा देउवा भारतको नयाँ दिल्लीमा र अर्थमन्त्री पौडेल बैंककमा भएकाले पनि मन्त्रिपरिषद् बैठक स्थगित गरेको बताइएको छ । बिहीबारको मन्त्रिपरिषद्मा मन्त्री हेरफेरको विषयसमेत समावेश रहेको बताइएको छ ।

सन्दर्भः वैदेशिक रोजगार

# स्वास्थ्य परीक्षण प्रक्रियालाई विश्वसनीय र सरल बनाउन सुझाव

**प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्य सुधारका लागि गठित अध्ययन कार्यदलले स्वास्थ्य परीक्षण प्रक्रियालाई विश्वसनीय बनाउन सुझाव दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. दीपेन्द्ररमण सिंहको अध्यक्षतामा गठन गरिएको कार्यदलले विभिन्न बुँदासहितको सुझाव दिएको हो ।



कार्यदलले स्वास्थ्य परीक्षण प्रक्रियालाई विश्वसनीय, सरल, सहज र पहुँचयोग्य बनाउने तथा स्वास्थ्य संस्थालाई 'डिजिटलाइट' गर्ने विषयमा सुझाव दिएको बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित कार्यक्रममा जानकारी दिइयो । कार्यक्रममा कार्यदलको प्रतिवेदनमाथि छलफल गरिएको थियो ।

कार्यदलले उपकरणको गुणस्तर तथा शुद्धता वृद्धि, नसर्ने रोग र पेसागत स्वास्थ्य, श्रमिकको स्वास्थ्य समस्यालाई वर्गीकरण गरी 'क्लस्टरिङ' गर्ने, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श र स्वास्थ्य साक्षरतालाई स्वास्थ्य परीक्षणको प्रक्रियासँग जोड्ने विषयमा सुझाव दिइएको त्यस अवसरमा जानकारी दिइयो । कार्यदलले गन्तव्य मुलुकको कूटनीतिक नियोग र दूतावासले खेल्नुपर्ने भूमिका, नीति तथा कानुनी व्यवस्थामा गर्नुपर्ने संशोधन र संघीय संरचनामा स्वास्थ्य परीक्षणको कामलाई व्यवस्था गर्नेलगायत सम्बन्धमा बुँदासहित सरकारलाई सुझाव दिएको छ ।

कार्यक्रममा मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले कार्यदलले दिएका सुझावलाई तत्काल र दीर्घकालीन गरी दुई खण्डमा छुटयाएर कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए । उनले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणमा भएका विकृतिलाई समाधान गरिने बताए ।

कार्यदलका अध्यक्ष अतिरिक्त सचिव डा. सिंहले स्वास्थ्य संस्थाको अनुगमन, विदेशबाट फर्किएका नागरिक तथा वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार विभाग र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलगायतसँग समूहगत छलफल गरी प्रतिवेदन तयार गरिएको बताए । सरकारले गत भदौ १३ गते डा. सिंहको अध्यक्षतामा कार्यदल गठन गरेको थियो । कार्यदलमा विभिन्न क्षेत्रका विशेषज्ञ गरी ३० जना रहेका थिए ।

# मलेसियामा सभ्य पहिरन नलगाउँदा सेवाबाट वञ्चित !

**काठमाडौं (प्रस)–** मलेसियास्थित नेपाली दूतावासले त्यहाँ रहेका नेपालीहरूलाई सरकारी कार्यालयहरूमा सेवा लिन जाँदा मर्यादित र सभ्य पहिरन लगाउन आग्रह गरेको छ । पहिरनकै कारण नेपालीहरूलाई मलेसिया सरकारका विभिन्न कार्यालय तथा सेवा केन्द्रहरूबाट फर्काउने गरिएको उल्लेख गर्दै दूतावासले यस्तो आग्रह गरेको हो ।

'मर्यादित तथा सभ्य पहिरन नलगाएको कारण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले मलेसिया सरकारको विभिन्न कार्यालय तथा सेवा केन्द्रहरूमा जाँदा फर्काइदिएका घटनाहरू छन्,' क्वालालम्पुरस्थित नेपाली दूतावासले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।

यस्तो अवस्थामा आफ्नो काम सम्पन्न गर्न वा सेवा लिन पुनः एपोइन्टेन्ट लिनुपर्ने, थप सेवा शुल्क तिर्नुपर्ने, सेवा प्राप्त गर्नबाट वञ्चित हुनुपर्ने, तथा दण्डितसमेत हुनुपर्ने अवस्था सिर्जना हुनाले अनावश्यक खर्च तथा समय खेर गई सेवाग्राहीहरू नै थप मर्कामा परेका दूतावासले उल्लेख गरेको छ । नेपाली दूतावासलगायत मलेसियामा भएका सरकारी तथा निजी कार्यालयहरूमा प्रस्तुत हुँदा मर्यादित तथा सभ्यरूपमा प्रस्तुत हुँदा ध्यान दिनुपर्ने विषयहरूबारे बुँदागतरूपमा दूतावासले सचेत गराएको छ । जसमा सेवा प्रदायकसँग सभ्य तथा मर्यादित व्यवहार गर्ने, मर्यादित तथा सभ्य पोसाकमा जाने, मादकपदार्थ सेवन गरी सार्वजनिक स्थल तथा कार्यालयमा नजाने, कार्यालय परिसरमा जथाभावी थुक्ने तथा फोहोर नगर्ने र कार्यालयका सरसामान (मेच, टेबुल)मा जथाभावी नबस्ने उल्लेख गरिएको छ ।


# प्रेस-विज्ञप्ति

हार्दिक अनुरोध, वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण प्रणालिमा भएको सिण्डिकेटको बिरूद्धमा उभिनु हुने तथा बुलन्द आवज उठाउनु हुने बैदेशिक रोजगार संग सम्बन्धित सम्पुर्ण व्यवसायीहरु, नेपाल बैदेशिक राजगार व्यवसायी संघ, संचार माध्यम तथा संचारकर्मीहरु, सरकारी निकायहरु, मलेसियन सरकार तथा दुतावास एवं अन्य सहयोगी हातहरु लाई धेरै-धेरै धन्यवाद ।

लगानी गर्न लगाए पछि काम गर्ने वातावरण निमार्ण गर्ने तथा लगानीको सुरक्षाको जिम्मा राज्यको हो । चाहे त्यो मेनपावर व्यवसायी, अभिमुखिकरण व्यवसायी, मेडिकल व्यवसायी वा अन्य कुनै पनि व्यवसायी होस्, नियतवस वा सम्बन्धित निकायको गलत निर्णयका कारणले व्यवसाय धारासायी हुने वा लगानी फस्ने हुनु हुदैन । अहिले मलेसिया सरकारले नै सिण्डिकेट खारेज गरेको सुचना सम्प्रेषण गरि सकेको छ । पछिल्लो समय आधिकारीक ईमेल मार्फत आफ्ना मातहतका समन्वयकारी संस्थाहरुलाई जानकारी गराएको प्रति नेपाल स्थित मलेसियन दुतावास लाई धन्यवाद दिन चाहन्छौं । त्यस्तै गरि मिति २०८१ मंसिर २७ गते माननिय श्रम मन्त्री श्री शरद सिंह भण्डारी संगको छलफलमा समेत सबै देशको स्वास्थ्य परिक्षण सबै स्वास्थ्य संस्थाले गर्न पाउने तथा छुट्टै कानुन बनाई बिषेश क्षेत्रको स्वास्थ्य परिक्षण गरि रहेका स्वास्थ्य संस्थाबाट जाँच नगराई कोरिया, ईजरायल तथा अन्य देशको स्वास्थ्य परिक्षण अस्पताल बाट गरि रहेको कुरा तुरून्त बन्द गरि श्रम मन्त्रालयमा सुचिकृत स्वास्थ्य संस्थाबाट मात्रै हुने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्नु भएकोमा हृदय देखि आभार प्रकट गर्दछौं ।

चाँडै नै मलेसिया लगाएत अन्य देशको स्वास्थ्य परिक्षण प्रणालिमा भएको सिण्डिकेट अन्त्य भएको सुचना नेपाल सरकारको आधिकारीक निकाय बाट प्रकाशित हुने छ । मलेसियामा मरि सकेको सिण्डिकेट नेपालमा यो वा त्यो वहानामा जन्मन नपाओस, दुई अर्ब भन्दा बढि लगानी रहेको, दुई हजार भन्दा बढि प्राबिधिक कर्मचारीको संम्लग्नता रहेको र करिव दश हजार व्याक्तिहरु आश्रित क्षेत्र तहस–नहस गर्दै सिण्डिकेट नलागोस् भन्नको लागि हामी सबै व्यवसायीहरु चनाखो हुन जरूरी छ । साथै राष्ट्र सेवक कर्मचारीहरु संग हातेमालो गर्दै बैदेशिक हस्तक्षेपकारी शक्ति संग सर्घष गरि रहनु परेको छ । अन्त्यमा नेपाल मेडिकल व्यवसायी संघ (नेमो) एकातिर यी र यस्ता हस्तक्षेपकारी शक्ति संग लडि रहनु परेको छ भने अर्को तिर आन्तरिक रूपमा कार्टेलिङ्गको चपेटामा जुधि रहनु परेको छ । तसर्थ संघ सदैव बैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण लाई व्यवस्थित, मर्यादित, प्रवाभकारी, पारदर्शी, गुणस्तरिय र सरल तथा सहज रूपमा उपलब्ध गराउन सम्पुर्ण व्यवसायीहरु तथा सम्बन्धित सरोकारवाला निकायहरुलाई हार्दिक अपिल गर्दछौं ।

**'वैदेशिक रोजगारमा भएको सिण्डिकेट विरूद्धको अभियान, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चतता हाम्रो प्रतिबद्धता'** नाराका साथ संघ सिण्डिकेट बिरूद्धको जुनसुकै कार्य गर्न गराउन पछि नपर्ने दृढ संकल्प गर्दछ ।

**महासचिव**
**कृष्ण प्रसाद बजगाई**

**अध्यक्ष**
**तारानाथ अर्याल**

**नेपाल मेडिकल व्यवसायी संघ**
**Nepal Medical occupational's Organization**
kathmandu metropolitan city-3 Basundha, Nepal,
Tel: +9771590523 nepalmedicaloccupationalorg@gmail.com

पृष्ठ १ बाट क्रमशः

## अर्थमन्त्रीमा...

उहाँलाई धन्यवाद दिन चाहन्छु। मैले वास्तवमा पत्याएकै थिइनँ, यस्तो छ भनेर,' असोज २ गते सानेपामा आयोजित कार्यक्रममा देउवाले भनेका थिए। लामिछाने सहकारी प्रकरणमा मुछिएको विषयलाई स्थापित गर्न महामन्त्री थापाले सदनमा निरन्तर प्रयास गरेका थिए। यसैले पनि उनले अहिले अर्थमन्त्री पाउनुपर्ने उनीनिकट नेताहरू बताउँछन्। 'महामन्त्रीले निकै दुःख गर्नुभएको छ। अहिले फ्रन्टलाइनमा उहाँ नै देखिनुहुन्छ,' थापानिकट एक केन्द्रीय सदस्यले भने, 'ढिलोचाँडो उहाँ अर्थको नेतृत्वमा पुग्नुहुन्छ।' बिआरआई सम्झौताले पनि गगनको सम्भावना थप बढेको ती केन्द्रीय सदस्यले दाबी गरे।

■■■

## कसले बाहिर...

गृहमन्त्रीको निर्देशनसँगै कास्की प्रहरीले तस्बिर खिचेको स्वीकार्ने भुसालको खोजीमा जुटेको छ। कास्कीका प्रहरी प्रवक्ता वसन्तकुमार शर्माले अनधिकृत रूपमा तस्बिर खिच्नेको खोजी भइरहेको बताए। 'हिरासतमा तस्बिर खिच्नु अनधिकृत हो। खिच्ने को हो ? किन खिचियो ? र त्यसबेला कन्ट्रोल रुमका को थिए ? अनुसन्धान गर्दैछौँ', शर्माले भने।

भाइरल तस्बिरलाई रास्वपाका नेता कार्यकर्ताले मात्र होइन, अरुले पनि उक्त तस्बिर सामाजिक सञ्जालमा शेयर गरिरहेका छन्। तस्बिरबारे अनेक टिकाटिप्पणी भइरहेको छ। कास्की प्रहरी स्रोतले दिएको जानकारीअनुसार जिल्ला प्रहरी कार्यालय कास्कीको दोस्रो तलामा रविलाई राखिएको छ। उनलाई राखिएको हिरासत कक्षमा पनि 'सीसीटीभी क्यामेरा' जडान छ। उक्त क्यामेरा 'कन्ट्रोल रुम'बाट निगरानी गर्ने गरिन्छ र लामिछानेको भाइरल तस्बिर यही २९ मंसिरको दिउँसो ३ बजेर ५८ मिनेट १७ सेकेन्ड जाँदा खिचेको पाइएको प्रहरीले जनाएको छ।

यसरी हिरासतको निगरानी गर्न जडान गरिएको सीसीटीभीमा सामाजिक अभियन्ता भनिने निकोलस ले पुऱ्याएको पहुँचले सुरक्षा कमजोरी प्रष्ट देखिएको छ।

प्रहरीको सुरक्षा घेराभित्र रहेको र हिरासतजस्तो संवेदनशील ठाउँको फोटो बाहिरिनु सुरक्षाको दृष्टिकोणले राम्रो पटक्कै मानिँदैन। यसमा व्यक्तिको गोपनीयताको कुरादेखि मानव अधिकारका कुराहरूपनि जोडिने र सुरक्षाको दृष्टिले पनि जोखिमपूर्ण मानिने बताइन्छ।

त्यही भएर मुलुकी अपराध संहितामै अनुमति विना फोटो र भिडियो खिच्न र सार्वजनिक गर्न नपाइने व्यवस्था गरिएको वरिष्ठ अधिवक्ता महेश नेपालले बताए। यसरी फोटो खिच्नेलाई विद्युतीय अपराधको कसुरमा कारबाही गर्न सकिने नेपालले बताए। यसकारण, यदि भुसालले भनेजस्तै उनैले यो फोटो खिचेर सार्वजनिक गरिएको देखिए उनी पक्राउ पर्न सक्छन् र कानुनी कारबाहीको भागिदार हुन सक्ने देखिन्छ।

तर, प्रधानमन्त्री केपी शर्मा ओलीको दल एमालेले रास्वपा सभापति लामिछानेविरुद्ध मुद्दा दायर हुन लाग्दा आमरूपमा दबाब बढाउन रास्वपाकै योजनामा तस्बिर सार्वजनिक भएको दाबी गरेको छ। यसलाई उक्त दलका महासचिव शंकर पोखरेलले त 'स्टन्ट' भन्दै टिप्पणी गरेका छन्। उनले सामाजिक सञ्जालको स्टन्टबाट राजनीतिमा उदाएकाहरू त्यसकै चरम दुरूपयोगबाटै विस्थापित हुने बाटोमा अग्रसर भएको बताए।

'सोसल मिडियाको स्टन्ट र प्रोपोगाण्डाबाट राजनीतिमा उदाएइकाहरू त्यसकै चरम दुरूपयोगबाट विस्थापित हुने बाटोमा अग्रसर देखिन्छन्। अति सर्वत्र वर्जयेत', महासचिव पोखरेलले लेखेका छन्।

तर, रास्वपा नेताहरू भने यसलाई अस्वीकार गर्छन्। निकोलस भुसाल स्वयंले पनि आफू कसैको आग्रहमा लामिछाने भेट्न नगएको जिकिर गरेका छन्। यद्यपि निकोलसले नै दुई दिनअघि उक्त तस्बिर सामाजिक सञ्जालमा सेयर गरेका थिए, पछि उक्त फोटो रास्वपाका सहमहामन्त्री बोहराले आफ्नो फेसबुकमा राखेपछि बिहीबार दिनभर यसले चर्चा पाएको थियो।

### लामिछानेले आरोपीसँग हिरासतमै खिचेको त्यो फोटो

रास्वपाका नेताहरू आफ्ना सभापति लामिछानेको हिरासतमा निदाइरहँदाको तस्बिर सार्वजनिक भएपछि असन्तुष्ट छन्। तर, हिरासतमा रहेका रवि ती नेता हुन्, जसले यसअघि २२ भदौ २०७९ मा हिरासतमै रहेका एक जना आरोपीलाई भेटेपछि अनधिकृत फोटो खिचेर सार्वजनिक गरेका थिए। उनले त्यसबेला भेटेको सुरक्षा गार्ड शेरजंग गुरुङ हो।

नेकपा एकीकृत समाजवादीका नेता तथा तत्कालीन पर्यटनमन्त्री जीवनराम श्रेष्ठका कारण शेरजंग पक्राउ परेका थिए। उनै शेरजंगलाई तस्बिर खिचेर अनधिकृत सार्वजनिक गरिँदा त्यसबेला प्रहरी वृत्त दरबारमार्गमा इन्चार्ज प्रहरी निरीक्षक विकास तामाङ थिए। उनलाई कारबाही स्वरूप महानगरीय प्रहरी कार्यालय रानीपोखरी सरुवा गरिएको थियो।

# क्यान्सरविरुद्धको 'एचपिभी' खोप ल्याइयो

**काठमाडौं–** 'एचपिभी' खोप लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप ल्याएको छ।

स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा. पवनजंग रायमाझीले चार लाख ६० हजार ९४० मात्रा खोप आएको बताए। ती खोपलाई अहिले टेकुस्थित भण्डारण कक्षमा राखिएको र विस्तारै प्रदेशमा पठाइने जानकारी दिए।

'एचपिभी' खोप लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा नेपाल आइपुगेको हो। सरकारले किशोरीलाई सानै उमेरबाट नै क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्न थालेको छ। १५ दिने अभियानअर्न्तगत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ९०० किशोरी खोप लगाइने बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिए। उनका अनुसार १७ लाख ७० हजार मात्रा गाभीले नेपाललाई उपलब्ध गराउने छ।

हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको जनाइएको छ। पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस संक्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ। ह्युमनपापिलोमा भाइरस संक्रमण कलिलो उमेरमा विवाह गर्ने, कलिलो उमेरमै बच्चा जन्माउने, धेरै बच्चा पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउने र धेरै जनासँग यौन सम्बन्ध बनाउने, धेरै धूमपान तथा मद्यपान गर्ने र यौनांगको सरसफाइमा ध्यान नदिनेले हुने गर्दछ। नेपालमा सबभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबभन्दा बढी देखिने र त्यसपछि स्तन क्यान्सर रहेको छ। *रासस*

# नदीजन्य पदार्थको उपयोग गर्न संयुक्त कार्यदल गठन

**लुम्बिनी–** लुम्बिनी र सुदूरपश्चिम प्रदेशका बीचमा कर्णाली नदीको स्रोत उपभोग तथा संरक्षणका क्षेत्रमा देखिएका समस्या समाधान गर्न संयुक्त सुझाव कार्यदल गठन गरिएको छ।

कर्णाली नदीको नदीजन्य स्रोतको उपयोग तथा संरक्षणको विषयमा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीको बीचमा बुधबार सम्पन्न संयुक्त संवादले लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा सुझाव कार्यदल गठन गरिएको हो।

कार्यदलमा सुदूरपश्चिम प्रदेश सरकारका सचिव सदस्य, दुवै प्रदेशका वन मन्त्रालयका प्रतिनिधि, नदी तटीय क्षेत्रसँग जोडिएका स्थानीय तहका प्रतिनिधि, निकुञ्जका प्रतिनिधि, नापी कार्यालयका प्रतिनिधिलगायत सदस्य रहने छन्। सुझाव कार्यदलको सदस्य सचिवमा संवाद समूहको प्रतिनिधि रहने निर्णय भएको छ।

समितिले तीन तहका सरकारसँग जोडिएका समस्याको पहिचान गर्ने र समाधानका लागि विकल्पसहित प्राथमिकता निर्धारण गरेर सुझाव दिनेछ। कर्णाली नदी जलाधार क्षेत्रमा पर्ने गेरुवा गाउँपालिका ओखरीया इन्टेक क्षेत्रमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको बीचमा संयुक्त संवाद गरिएको थियो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री आचार्यले दुई प्रदेशको बीचमा प्राकृतिक स्रोतको संरक्षण तथा सदुपयोगलगायत सिमानाको समस्या समाधान गर्ने गरी सुझाव कार्यदल गठन गरिएको जानकारी दिए। 'समस्याको पहिचान गरेर वर्गीकरण गर्ने र सुझाव दिने जिम्मेवारी कार्यदलको छ,' उनले भने, 'स्थानीय, प्रदेश र संघीय सरकारले के गर्ने भन्नेबारेमा सुझाव संकलन हुने छ।'

राष्ट्रिय निकुञ्जसम्बन्धी ऐन संशोधन जरुरी रहेको र त्यसका लागि प्रधानमन्त्री समक्षसमेत अनुरोध गरेको बताए। 'वि.सं. २०२९ मा बनेको निकुञ्ज संरक्षण ऐन संशोधन गर्नुपर्छ भनेर पहल लिएका छौं। प्रधानमन्त्रीसँग भएको बैठकमा पनि यो विषय उठाएका छौं,' उनले भने, 'समस्याको पहिचान गर्न पटक-पटक बसेका छौं। हामी समस्या समाधान गर्ने गरी अघि बढेका छौं।'

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले कार्यदलको जिम्मेवारीभित्र हालसम्म भएका कामको दस्तावेजीकरण गर्ने, सुझावको संकलन गर्ने, ऐन, कानुनको अध्ययन गर्ने, बजेट तथा कार्यक्रमको बारेमा जानकारी लिनेलगायत रहने बताए। उनले संघीयतालाई बलियो बनाउनका लागि प्रदेश तहमा सहकार्य, समन्वय जरुरी रहेको बताउँदै यसको सुरुआत लुम्बिनी र सुदूरपश्चिमबाट भएको बताए। *रासस*


## मनाङ वेभरेजेज प्रा. लि.

मनाङ डिस्याङ्ग गा.पा.-१, पिसाङ, भ्राताङ, मनाङ

*भ्याट नं.: ६०९७१६७०८*
*अन्तशुल्क इजाजत नं.: २२०१०१०६७९७*


**मनाङ वेभरेजेज प्रा. लि. द्वारा उत्पादित वाइनहरूको मूल्यसूची सम्बन्धी सूचना**

यस उधोगद्वारा उत्पादित निम्न ब्राण्डका वाइन नेपाल अधिराज्यभरी मिति २०८१/०९/०५ गते देखि लागु हुने गरि निम्न बमोजिम मुल्यमा विक्रि वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ।

| ब्राण्डको नाम | प्याकेजिङ्ग | नेशनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | नेशनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिजनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिजनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | होलसेल मुल्य मु.अ.कर समेत प्रति कार्टुन | होलसेल कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति एकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Manang Valley Premium** *(Sweet)* | १२x७५० एम एल | ८,४३५/- | ३००/- | ८,७३५/- | ४४०/- | ९,१७५/- | ७००/- | ९,८७५/- | ५००/- | १०,३७५/- | १,९२५/- | १२,३००/- | १,०२५/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | १२x७५० एम एल | ८,४३५/- | ३००/- | ८,७३५/- | ४४०/- | ९,१७५/- | ७००/- | ९,८७५/- | ५००/- | १०,३७५/- | १,९२५/- | १२,३००/- | १,०२५/- |
| **Manang Valley Premium** *(Sweet)* | २४x३७५ एम एल | ८,६९५/- | ३००/- | ८,९९५/- | ४६०/- | ९,४५५/- | ७२०/- | १०,१७५/- | ५२०/- | १०,६९५/- | २,०२५/- | १२,७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | २४x३७५ एम एल | ८,६९५/- | ३००/- | ८,९९५/- | ४६०/- | ९,४५५/- | ७२०/- | १०,१७५/- | ५२०/- | १०,६९५/- | २,०२५/- | १२,७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Dry)* | १२x७५० एम एल | १०,३७०/- | ३००/- | १०,६७०/- | ५८०/- | ११,२५०/- | ८५०/- | १२,१००/- | ६००/- | १२,७००/- | २,३००/- | १५,०००/- | १,२५०/- |
| **Manang Valley Premium** *(Rose)* | १२x७५० एम एल | १०,३७०/- | ३००/- | १०,६७०/- | ५८०/- | ११,२५०/- | ८५०/- | १२,१००/- | ६००/- | १२,७००/- | २,३००/- | १५,०००/- | १,२५०/- |

नोटः उल्लेखित मुल्यमा आवश्यकता अनुसार व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरु सोधभर्ना उपलब्ध गराउन सकिनेछ।


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, ०५ पुस, २०८१

- **मेष** अरुको करकापमा काम गर्न बाध्य।
- **वृष** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने।
- **मिथुन** पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ।
- **कर्कट** सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने।
- **सिंह** रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ।
- **कन्या** दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना।
- **तुला** सफलताले हौसला, विशेष काममा जग बसाउने।
- **वृश्चिक** नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने।
- **धनु** सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण।
- **मकर** दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ।
- **कुम्भ** अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता।
- **मीन** फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०५ पुस, २०८१ (२० डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.४९ | १३६.०९ |
| युरो | १ को | १४२.१३ | १४२.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.४० | १७२.१६ |
| स्विस फ्रैन्क | १ को | १५१.८६ | १५२.५३ |
| अस्ट्रेलियन डलर | १ को | ८६.०८ | ८६.४६ |
| क्यानाडियन डलर | १ को | ९५.१४ | ९५.५६ |
| सिङ्गापुर डलर | १ को | १००.३६ | १००.८० |
| जापानी येन | १० को | ८.८१ | ८.८५ |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३६.०७ | ३६.२२ |
| कतारी रियाल | १ को | ३७.१७ | ३७.३३ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८९ | ३७.०५ |
| मलेसियन रिङेट | १ को | ३०.४३ | ३०.५६ |
| दक्षिण कोरियन वन | १०० को | ९.४४ | ९.४८ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४१ |
| डेनिस क्रोनर | १ को | १९.०६ | १९.१४ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५० |
| कुवेती दिनार | १ को | ४४०.२० | ४४२.१५ |
| बहराइन दिनार | १ को | ३५९.२० | ३६०.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# मध्यपुर थिमिमा नवदुर्गा नाच




**भक्तपुर–** मध्यपुर थिमि नगरपालिका-७ नगदेशस्थित गणेश मन्दिर प्रांगणमा विभिन्न नवदुर्गा नाचिरहेका छन् । सयौंको संख्यामा महिलाहरू हातमा पूजाको थाली लिएर नवदुर्गालाई चढाउन लामबद्ध छन् ।

मल्लकालभन्दा अगाडिदेखि तान्त्रिक शक्तिमा चल्ने नवदुर्गा नाच गत आइतबारदेखि मध्यपुरथिमिभित्र विभिन्न टोलमा सञ्चालन भइरहेको छ । बिहीबार बालकुमारीबाट नगदेश भित्र्याएर नवदुर्गाको विशेष पूजा एवं द्यो ब्वोकेगु गरियो ।

नगदेशबाट बाजागाजासहित गएको स्थानीयको टोलीले बालकुमारीबाट मलमलको सेतो कपडा बाटोमा ओछ्याएर स्वागत गर्दै नगदेश भित्र्याएपछि नवदुर्गाको भव्य पूजा एवं नवदुर्गा देवगण र नाच प्रदर्शन गरिएको हो । नगदेशका ख्वप्रिङ नवदर्गा संकल्प भोजन २०८१ को संयोजन र भक्तपुर विकास सहयोग संघको आयोजनामा करिब आठ लाख रूपैयाँको खर्चमा भगवाण भोजनलगायतका कार्यक्रम आयोजना गरेको हो ।

भक्तपुर, मध्यपुरथिमिदेखि भक्तपुरबाट बसाइँ सरेर काठमाडौं, ललितपुर गएर बसेकाहरूले भव्यरूपमा नगदेशमा सञ्चालन गरेको नवदुर्गा नाच एवं द्यो ब्वोकेगु आयोजक भक्तपुर विकास सहयोग संघका अध्यक्ष विजय शंकर प्रधानांगले जानकारी दिए । करिब आठ लाख रूपैयाँ खर्चमा नगदेशमा पहिलोपटक द्यो ब्वोकेगु आयोजना गरेको जानकारी दिँदै उनले नगदेशमा ठूलो लपेसमा ८४ व्यञ्जनका खानेकुरा चढाएर पूजा गरिएको बताए । पूजाका क्रममा दुईवटा बोका र दुईवटा चुच्चे (सुंगुर)को बलि दिएर ब्वोकेगु गरिने बताए ।

उनले देवगण, नकी, बेताली, बाजा बजाउनेलगायत सबैका लागि शीरदेखि पाउसम्मको जात्रामा देवगणले लगाउने पोशाकसमेत अर्पण गरेको बताए । घरघरबाट प्रत्येकले पूजाको सामान ल्याएर मनाइएको या पर्वमा कम्तीमा पनि एक हजार ५०० को सहभागिता रहेको उल्लेख गर्दै स्थानीय विनोद कोजूले नवदुर्गा देवगण आएर नाच प्रदर्शन गर्दा स्थानीयको व्यापार, व्यवसाय, परिवारमा सम्पन्न, आर्थिक उन्नति, स्थानीयमा रोग, भयको नाश हुने, नकारात्मक शक्तिहरू परास्त हुने र सबैमा कल्याण हुने जनविश्वास रहेको बताए ।

नवदुर्गा देवगणमध्येकै कृष्णप्रसाद वनमालाले गत आइतबार मध्यपुरथिमिको दिगुटोलबाट सुरु भएको नवदुर्गा नाच बिहीबारसम्म भुलाखेल, बाहखा बजार, चपाचो, बालकुमारीलगायत विभिन्न ठाउँमा प्रदर्शन गरी स्थानीयको पूजा ग्रहण गर्दै बिहीबार नगदेशमा आएको बताए ।

देवगणले नवदुर्गा नाच टोलटोलमा प्रदर्शन गरे पनि विशेष पूजाको रूपमा रहेको द्यो ब्वोकेगु पनि नगन्यरूपमा हुने गरेको छ । देवगण वनमालाले आइतबारसम्म मध्यपुरथिमिमा नाच प्रदर्शन गरेर आइतबार माछा मार्ने जात्रा सञ्चालन गर्दै साँझ भक्तपर द्यो छे, अर्थात् देवता घरमा नवदुर्गा फर्कने बताए । नवदुर्गाअन्तर्गत गणेश, कुमारी, सिंह, दुम्भसँगै ब्रह्मायणी, महेश्वरी, कुमारी, वैष्णवी, बाराही, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी र भद्रकालीको पूजा गरिन्छ । *रासस*

# औषधि उत्पादन बढाउन सिंहदरबार वैद्यखानालाई स्वास्थ्यमन्त्रीको निर्देशन

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सिंहदरबार वैद्यखानामा आयुर्वेदिक औषधि उत्पादनको अवस्थाबारे अनुगमन गरेका छन् । मन्त्री पौडेलले वैद्यखाना सुधारका लागि विशेष चासो दिँदै आएका छन् ।सोहीअनुरूप विकास समितिमा नयाँ नेतृत्वलाई जिम्मेवारी दिएका मन्त्री पौडेलले सोचजस्तो उत्पादन वृद्धि नभएपछि स्थलगत अनुगमन गर्दै समस्या समाधानका लागि उपायको खोजी थालेका हुन् ।

मन्त्रालयका उच्च अधिकारीसहित अनुगमनमा गएका मन्त्री पौडेलले वैद्यखानाको काम कारबाहीबारे जानकारी लिँदै आमरूपमा सुनिएका गुनासा समाधान गर्नसमेत कर्मचारीहरूको ध्यानाकर्षण गराए । पर्याप्त औषधि उत्पादन नभएकोबारे गुनासो सुनेपछि मन्त्री पौडेलले उत्पादन बढाउन हरसम्भव उपाय लगाउन आग्रह गरे ।

'बजारमा जति औषधि उत्पादन भए पनि वैद्यखनाको औषधि बिक्री हुने रहेछ,' उनले भने, 'तपाईंहरूले उत्पादन बढाउने काममा देखिने गरी परिवर्तन ल्याउनुपर्छ ।'

कर्मचारीहरूले स्रोत अभाव भएको गुनासो गरेपछि मन्त्री पौडेलले केही समयअघि पनि वैद्यखानाका लागि बजेट गएको प्रसंग निकाल्दै सार्वजनिक संस्थानहरूलाई पुँजीगत सहयोग गर्न सकिने तर तलब खुवउनका लागि सरकारले रकम दिन नसक्ने प्रस्ट पारे । 'तपाईंहरूको पुँजीगत क्षमता विकासका लागि के चाहिन्छ भन्नूस्, हामी सघाउँछौं,' मन्त्री पौडेलले भने, 'तर उत्पादन नबढाउने अनि सरकारसँग पैसा मागेर तलब र उपादान दिन सकिन्न ।'

उनले बजारमा सिंहदरबार वैद्यखानाको औषधि किन्न खोज्दासमेत नपाइने अवस्था आएको भन्दै पर्याप्त कच्चा पदार्थ उपलब्ध नगराउने ठेकेदारलाई कालोसूचीमा राखेर नयाँ विकल्प खोज्न निर्देशन दिए । मन्त्री पौडेलले तीन दिनभित्र समस्या नभई समाधानसाथ उत्पादन बढाउने योजना ल्याउन पदाधिकारीलाई आग्रह गर्दै भने, 'उत्पादन बढाउने योजनामा बजेट अभाव हुन दिन्नौं ।'

# मेलम्ची खानेपानी 'पाइपलाइन'को काम शीघ्र पूरा गर्न निर्देशन

**काठमाडौं (प्रस)–** खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा मेलम्चीको पानी आपूर्ति गर्न बिच्छ्याइएका 'पाइपलाइन'को काम शीघ्र पूरा गर्न निर्देशन दिएका छन् । स्थानीय इन्द्रचोक, जनवहाल, नयाँसडक, असनलगायत स्थानमा जारी पाइपलाइनको कामको बिहीबार निरीक्षण गरेपछि उनले त्यस्तो निर्देशन दिएका हुन् । साथै उनले चुहावट नियन्त्रण गर्नुपर्नेमा जोड दिए । गुणस्तर सुनिश्चित नहुँदा धेरै स्थानमा पानी चुहिएको र पानी चुहिएका स्थानमा यथाशीघ्र मर्मतसम्भार गर्न उनले निर्देशन दिए ।

मन्त्री यादवका साथ खानेपानी मन्त्रालयकी सचिव प्रमिलादेवी शाक्य बज्राचार्य, काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयका वरिष्ठ अधिकारी थिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LABAQA CO.FOR THE DELIVERY OF CONSUMER ORDERS WLL

पुर्व स्वीकृति मिति २०८१/०२/३० | पुनः विज्ञापन स्वीकृति मिति २०८१/०९/०४ | LT No :306429 | चलानी नं. ६०२२११२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 5 | 0 | 135 | ६०,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9851023416,9851002766
Email: ganapatioverseas8093@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

## युएईमा रोजगार

कम्पनी : SYSMO TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315599 | चलानी नं. ६०२२९८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४४,४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : A L C CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315649 | चलानी नं. ६०२२९८९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1200 | ४४,४८१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 3 | 0 | 1200 | ४४,४८१ | | | | | | | |

कम्पनी : J S D TECHNICAL WORKS L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315648 | चलानी नं. ६०२२९८९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASON / MASON | 5 | 0 | 1200 | ४४,४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 5 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 3 | Plasterer | 4 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 4 | Steal Fixer | 11 | 0 | 1200 | ४४,४८१ | | | | | | | |

कम्पनी : JAYAMEENAL TECHNICAL WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 315600 | चलानी नं. ६०२२९८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 3 | 0 | 900 | ३३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 3 | Painter | 4 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 5 | Steal Fixer | 9 | 0 | 1200 | ४४,४८१ | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081

**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७६/०५/१५ मा दर्ता भएको **दिया एक्जीम प्रा.लि.** (प्रा.लि.नं. २२३००२) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/०५**

यस कम्पनीको मिति २०७८/०५/२९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेपा मिरर प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **बृज सेफ्टी ग्लास प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बृज सेफ्टी ग्लास प्रा.लि.** (प्रा.लि.नं.२३४०३४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/०५**

यस कम्पनीको मिति २०८१/०७/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लविश कर्नर क्याफे प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **रोबोटेक मल्टिपर्पोज कम्पनी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **रोबोटेक मल्टिपर्पोज कम्पनी प्रा.लि.** (प्रा.लि.नं.३०१०८७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/०९/०५

यस बैंकका निक्षेपकर्ता श्री काईचा महर्जनको छोरा, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २१ घर भई हाल काठमाडौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १३ बस्ने वर्ष ५७ श्रीमान राम कृष्ण महर्जनको ना.प्र.प.नं.४७७५/०५१, जारी मिति २०५१/०९/१२ जि.प्र.का. काठमाण्डौं) को मिति २०८०/०५/०३ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमति विमला डंगोलले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमति विमला डंगोल र अष्ट नारायण डंगोलको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## Trekking Guide लाइसेन्स हरायो

मिति २०८१/०८/२७ गते रातको ८:३० बजेको समयमा का.म.न.पा ३२, कोटेश्वरदेखि बालकुमारीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको Trekking Guide लाईसेन्स र लाईसेन्स बुक हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **किरण अधिकारी**
लाइसेन्स नं. : **१८४७८**
ठेगानाः **काभ्रे, रोशी गा.पा वडा नं. ९**
फोन नं : **९८४३६३१०४७**



## कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८१/०९/०५

यस नगरपालिकाबाट मिति २०८१।०७।२५ मा प्रकाशित तपशीलको कार्य गर्ने सूचना वमोजिम दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुदा न्युनतम् मुल्यांकित सारभुत रूपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृताका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनकालागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक रु. कर तथा पी.एस. सहीत |
|---|---|---|---|
| 10-RBT-2081/082 | राजघाट बालविकास/खानेपानी ट्यांकी नजिकै देखी उत्तर तर्फ जाने बाटो स्तरोन्नती वडा नं. ९ | श्री बि एण्ड श्रीयांशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., कञ्चनपुर | ५३,०८,९६३।४८ |
| 11-RBT-2081/082 | गौरा देबी मन्दीरबाट ५ र ६ को सिमाना हुदै बम्पुर जाने बाटो निर्माण वडा नं ६ | श्री बि एण्ड श्रीयांशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., कञ्चनपुर | ३२,४८,८९४।८५ |
| 12-RBT-2081/082 | किचाई मंगल चौधरीको घर देखी कृष्ण मा बि सम्म सडक कालोपत्रे वडा नं. ४ | श्री बि एण्ड श्रीयांशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., कञ्चनपुर | ३०,३१,११५।१६ |

अन्य सबै बोलपत्र दाताहरूलाई समेत यसै सुचनाबाट जानकारी गराइएको छ ।



प्रमुख प्रशासकीय अधिकृत



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०५)

यस संस्थाबाट विभिन्न मितिमा विभिन्न शिर्षक अन्तर्गत कर्जा लिनु भएका तपसिलका ऋणी सदस्यहरूले संस्थामा भएको सम्झौता तथा कर्जा भुक्तानी तालिका अनुसार कर्जाको साँवा ब्याज नतिरी नबुझाई बाँकी राख्नु भएको तथा निजहरूलाई संस्थाको तर्फबाट पटक पटक लिखित तथा मौखिक तार ताकेता गर्दा समेत निजहरूले कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै पहल नगरेकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको ३५ दिन भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नुहुन पुनः सूचित गरिन्छ। अन्यथा निजहरूले यस संस्थामा धितो स्वरूप लेखि लेखाई दिएको तपसिल बमोजमको अचल सम्पत्ति लिलाम बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० तथा संस्थाको कर्जा लगानी तथा असूली आन्तरिक कार्यविधी २०७९ बमोजिम संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा ऋणी सदस्य, जमानीकर्ता तथा धितो लेखिदिने व्यक्ति सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| कर्जा शिर्षक :- आवास कर्जा (०००५१०५५)<br>ऋणीको बिबरण :-<br>१) नामः- नर बहादुर दर्जी <br>बाबुः- हस्त बहादुर दर्जी<br>बाजे :- भुपाल दर्जी<br>ना.प्र.प.नं.:- ३७३/२६७९, खोटाङ्ग<br>ठेगानाः- खोटाङ्ग जिल्ला, नेर्पा गा.बि.स., वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ०६, रामहिटी बस्ने ।<br>व्यक्तिगत जमानी<br>१) नामः- कल्पना दर्जी <br>बाबुः- लाल बहादुर दर्जी<br>पति :- नर बहादुर दर्जी<br>ससुरा :- हस्त बहादुर दर्जी<br>ना.प्र.प.नं.:- २४१३, जिल्ला : खोटाङ्ग<br>खोटाङ्ग जिल्ला, नेर्पा गा.बि.स., वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ०६, रामहिटी बस्ने ।<br>२) नामः- सिर्जना कार्की ढोली <br>बाबुः- नर बहादुर दर्जी<br>बाजे : - हस्त बहादुर दर्जी<br>ना.प्र.प.नं.:- १२-०१-७८-०३८३१, खोटाङ्ग<br>खोटाङ्ग जिल्ला, नेर्पा गा.बि.स., वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ०६, रामहिटी बस्ने ।<br>३) नामः- किशोर कुमार बस्नेत <br>बाबुः- शेर बहादुर बस्नेत<br>बाजे : -खड्ग बहादुर बस्नेत<br>ना.प्र.प.नं.:- १३१०४५/२५१, ओखलढुंगा<br>ओखलढुङ्गा जिल्ला मुलखर्क गा.बि.स. वडा नं. ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११, कपन बस्ने ।<br>४) नामः- दिपक बस्नेत <br>बाबुः- शेर बहादुर बस्नेत<br>बाजे : - खड्ग बहादुर बस्नेत<br>ना.प्र.प.नं.:- १३१०४५/२५०, ओखलढुंगा<br>ओखलढुङ्गा जिल्ला मुलखर्क गा.बि.स. वडा नं. ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं.११, कपन बस्ने | खोटाङ्ग जिल्ला, नेर्पा गा.बि.स., वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ०६, रामहिटी बस्ने श्री नर बहादुर दर्जीको नाममा श्री पशुपतिनाथ भण्डार तहबिल गुठीमा एकलौटी मोही दर्ता कायम भएको, मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ६ को सिट नं. १०२०९८८२५, कित्ता नं. ४८२, क्षेत्रफल ०-२-२-० (७९.४८ ब.मी.) को निर्माणाधिन घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
प्रधान कार्यालयः बत्तिसपुतली, काठमाडौं
फोनः ०१-४५९८८०१ ४५६२०५८ । शाखा कार्यालयः इन्द्रचोक, काठमाडौं, फोन : ५३२३१४१
Email: info@nawakantipur.com.np, Web: www.nawakantipur.com.np

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### स्थानीय तहका जनप्रतिनिधिमा सवारी मोह

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको सवारी साधन मोह क्रमश बाहिरिन थालेको छ। जनप्रतिनिधिहरूको सवारी मोहका कारण जनताले तिरेको कर दुरूपयोग भइरहेको तर्क पनि सुनिन्छ। भने अर्कोतिर विकास निर्माण र जनताको सेवामा खटिनुपर्ने भएकाले जनप्रतिनिधिलाई सवारी आवश्यक भएकाले खरिद गरिनु उचित भएको मान्नेहरू पनि छन् । तर जनताको सेवामा खटिएका जनप्रतिनिधिलाई स्थानीय जनताले तिरेको करबाट सवारी खरिद गरिरहँदा भौगोलिक अवस्था वा कामको अवस्थाले सवारी उपलब्ध गराउनु पर्नेमा विलासी सवारी साधनहरू खरिद गरी प्रयोग गर्ने गरिएको देखिन्छ।

अहिले सवारी साधनको मोहमा काठमाडौं महानगरपालिकामा जनप्रतिनिधि मुछिएका छन् । महानगरले विभिन्न विषयगत समितिका संयोजकलाई भन्दै करीव ६० लाख पर्ने इलेक्ट्रिक सवारी खरिद गरिदिएको छ। महानगरका मेयर बालेन्द्र साहको निर्देशनमा ती गाडी खरिद गरिएको महानगरको उच्च श्रोतले बताउँछ।

६० लाख पर्ने ती गाडी महानगरका वडा अध्यक्ष जो विभिन्न समितिका संयोजक छन् उनीहरूलाई अत्यावश्यक हो त भन्ने प्रश्न उठिरहेको छ। पछिल्लो समय काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह विभिन्न विवादमा मुछिन थालिएकाले वडा अध्यक्षहरू त्यसको विपक्षमा नउभिउन् भन्नका लागि संयोजकको नाममा विलासी सवारी उपलब्ध गराइएको अनुमान पनि गरिन थालिएको छ। जे होस् काठमाडौं महानगर देशकै सबैभन्दा ठूलो र आर्थिक रूपमा समेत सवल स्थानीय तह भएका कारण वडा अध्यक्षलाई सवारी सुविधा दियो होला ! तर, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बर्जित गरेका सुविधाहरू उपलब्ध गराउँदै अन्य नगरपालिका वा गाउँपालिकाले पनि त्यस्तै सिको गर्ने थाले भने ?

काठमाडौं महानगरपालिकाका मेयर बोलन्द्र साह दलविहिन भएका कारण आफ्नो विरोध नहोस् र सवै वडा अध्यक्षहरूले आफ्नो समर्थनमा बोलुन् भन्नका लागि विलासी सवारी साधन सुविधा दिइएको हो भने त्यो विलकुल गलत हो।

त्यसमा पनि महानगरपालिकाकाले आफैले बनाएको जनप्रतिनिधिको सुविधामा समेत उल्लेख नभएको सवारी सुविधाले स्थानीय तहमा विकृति ल्याउने संकेत देखिन्छ। महानगरपालिकाले वडा अध्यक्षहरूलाई विषयगत समितिका संयोजकका नाममा करोडौंको सवारी खरिद प्रयोग गर्नु राज्यको सम्पत्ति दोहन गरेको हो। स्थानीय तहमा यस्ता विलासी सामग्रीहरूको प्रयोगलाई रोक्न पनि महानगर आफैले सवारी फिर्ता गर्नु पर्दछ भने संघीय सरकारले पनि जनप्रतिनिधिहरूको सवारी मोह प्रति थोरै चासो दिनु आवश्यक छ।

# मानसिक स्वास्थ्यले ल्याएका जटिलता



■ नेत्र सुवेदी 'प्रयास'

> जीवन जिउने क्रममा बेलाबखत तनाव हुनु अनि नैराश्यता आउनु अस्वाभाविक होइन । तर कुनै संवेग हाबी हुनासाथ विचलित हुनु भने समस्या हो । सकारात्मक भावका साथ अरूको सहयोगसमेत लिएर काम गर्दै गयो भने तनाव व्यवस्थापन हुन्छ । सेवा भाव र आध्यात्मिक साधनाले पनि मनलाई अस्थिर हुन दिँदैन र अन्तरहृदयको सन्देश पालना गरी काम गरेमा सबैको भलो हुने अवस्था आउँछ । सन्तुलित जीवन जिउने र अरूको समस्याप्रति समानुभूति राखी समाधानको पहल गर्नु नै मानसिक समस्या कम गर्ने सही बाटो हुन सक्छ । मानव स्वास्थ्यको महत्वपूर्ण आयामका रूपमा मानसिक स्वास्थ्यलाई लिइनु र सोहीअनुसारका अभियानरूपी कार्यक्रमहरू सबै सरोकारवालाको सहभागितामा सञ्चालन गर्न भने ढिलाइ गर्नु हुँदैन ।

मानसिक रोग लागेका व्यक्तिले समयमै उपचार पाउनेभन्दा पनि अपहेलनामा पर्ने सम्भावना छ नेपाली समाजमा । यो दुःखको विषय हो । शारीरिक रूपमा कुनै चोटपटक लाग्यो वा बिमारी भयो भने अवस्थाअनुसार अस्पताल लैजाने, मेडिकल जाने, नजिकको स्वास्थ्य संस्थामा पुग्ने र उपचार प्राप्त गर्ने गरिन्छ । कुनैकुनै अवस्थामा ग्रामीण क्षेत्रमा झारफुक गर्ने, लामा झाँक्रीको सहयोग लिने काम पनि हुन्छ । थाहा पाउने छिमेकीहरू पनि सहयोग गर्न तत्पर हुन्छन् । अस्पतालमा भर्ना भएको वा शल्यक्रिया भएको वा केही दिन अस्पताल बस्नुपर्‍यो वा केही औषधिसहित घर फर्केकै अवस्थामा पनि भेट्न आउनेहरूले सहानुभूति व्यक्त गर्दछन् । कतिपयले त बिमार हुँदा खान मिल्ने तागतिलो खानेकुरासमेत लिएर भेट्न आउने क्रम देखिन्छ । तर मानसिक समस्या भएको व्यक्तिलाई पनि यो पनि एक रोग हो उपचार गरेमा सञ्चो हुन्छ भन्ने बुझाइ किन हुन नसकेको होला ? विश्व स्वास्थ्य संगठनले दिएको स्वास्थ्यको परिभाषामा मानसिकरूपमा स्वस्थ हुने विषय पनि त परेको छ । मानसिक स्वास्थ्य बिग्रँदै जाँदा उपचार र चासो प्राप्त नगरेर कति मानिसहरूले ज्यान गुमाएका छन् । कतिले त लामो समयसम्म साङलामा बाँधिएर वा कोठामा थुनिएर निकै कठीन जीवन बिताएका छन् ।

नेपालमा पनि मानसिक तनाव र डिप्रेसनका कारण आफ्नो जीवनको अर्थ नरहेको अनुभूत गरेर आत्महत्या गर्ने क्रम बढेर गएको छ । आधुनिक जीवनशैली र विकसित समाजका विभिन्न उमेरका सदस्यहरूले राखेका असंख्य चाहनाहरू पूरा नहुनेबित्तिकै निराश हुने र आशा जगाउने खालको परिवेश प्राप्त नगर्ने सम्भावना बढ्दै गएको छ । खासगरी बढ्दो उमेरका किशोरकिशोरी र ३० वर्षभित्रका युवाहरूमा धैर्यता कम र मानसिक अस्थिरता बढी देखिन्छ । सो समयमा आमाबाबु तथा घरपरिवारका अन्य सदस्यहरूबाट पाउने सरसल्लाह वा सहयोग तथा उसले लामो समय बिताउने विद्यालय वा कार्यालय वा कारखाना वा अरू कुनै पेसा व्यवसायको वातावरणमा उसको संवेग व्यवस्थापन गर्ने र मानसिक स्वास्थ्यको बारेमा चासो देखाउने केही न केही प्रबन्ध हुनुपर्दछ । तर के हामीकहाँ त्यस्तो खालको वातावरण छ त ? मानसिक स्वास्थ्यको सवालले समाजको र सरकारको ध्यान आकर्षण गर्न सकेको छ त ? यो नै अहिलेको अहम् प्रश्न हो ।

खप्तड स्वामीले भनेका छन् कि शुद्ध, स्वस्थ, सुखी मन सुन्दर स्वास्थ्यको प्रथम रहस्य हो । मन नै मनुष्यको सुख दुःखको कारण हो, जसले मनलाई जित्न सक्छ उसले जगतलाई जित्न सक्छ । मनलाई सुखी राख्नका लागि पुराना विकारहरूको निराकरण गर्नु हुँदैन र मनमा नयाँ दोष विल्कुलै आउन दिन हुँदैन । सावधानीपूर्वक जीवनलाई सधैं नियमितरूपमा संयमित राख्न जरुरी छ । उदार चित्त भएर प्रभुभक्ति र जनसेवाको भावना राखेमा चित्त प्रश्न हुन्छ । प्रसन्नचित्त व्यक्तिको शरीरमा शक्ति, स्फूर्ति, बल, ओज र स्वस्थता हुन्छ । चिन्ता गरेमा शरीर कमजोर बन्दछ । यसबाहेक मन, वचन र कर्ममा एकता हुनु र मोह त्याग गर्नु पनि मानसिक स्वास्थ्यका लागि आवश्यक छ । संयम क्षमता बढाउनका लागि व्रत बस्नु पनि उपयोगी हुन्छ । यसबाहेक पनि मानसिक स्वास्थ्य कायम राख्ने अरू विधिहरू पनि अपनाउन सकिन्छ ।

### संस्थागत तथा सामूहिक तहमा मानसिक स्वास्थ्यका उपायहरू

समाजमा मानसिक असन्तुलन बढिरहेको, जटिल जीवनशैलीका बीचमा चिन्ता र नैराश्यता बढ्दै जाँदा मानिसले जुनसुकै माध्यमबाट पनि प्राण त्याग्ने जोखिम हुने हुँदा संभावित आत्महत्याको न्यूनीकरणका लागिसमेत मानसिक स्वास्थ्य बढाउने खालका गतिविधिहरू अभियानकै रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ । हाम्रो स्वास्थ्य प्रणालीमा शारीरिक खालका रोगहरूको उपचारमा ध्यान र जोड देखिएको छ तर मानसिक प्रकृतिका रोगहरूका सम्बन्धमा सर्वसाधरणले बुझ्ने र जान्ने मौका पाएका छैनन् र उपचारको उपलब्धता पनि कमै छ । तसर्थ मानसिक रोगको उपचारलाई सबैको पहुँचमा पुर्‍याउन आवश्यक छ। हाल रहेका अस्पतालहरूमा पनि मनोचिकित्सकको व्यवस्था गरेर मानसिक रोगको उपचारको प्रबन्ध गर्न सकिन्छ ।

मानसिक रोग र मानसिक रोगीलाई परिवार तह र समुदायको तहमै स्वीकार नगर्ने चलन तथा मान्यता रहिआएको छ । यो सरासर गलत विषय हो । तसर्थ मानसिक रोग भनेको अरू रोगजस्तै र त्यो भन्दा सरलसमेत हुनसक्छ र उपचारपछि पूर्णरूपमा निको हुन्छ भन्ने जागरण ल्याउनु जरुरी छ । मानसिक रोग लागेको अनुमान हुनासाथ निज व्यक्तिलाई मनोचिकित्सक, मनोविद्, मनोसामाजिक परामर्शदातासँग सहयोग लिने खालको संस्थागत व्यवस्था तीन तहकै सरकारले प्राथमिकतापूर्वक गर्नुपर्ने देखिन्छ । यसरी हेर्दा कमसेकम एउटा जिल्लामा सरकारी तवरबाटै एकजना मनोचिकित्सक उपलब्ध हुनेगरी प्रबन्ध गरिनुपर्दछ । जटिल मानसिक रोग लागेमा मानसिक रोगको विशेषज्ञ अस्पतालमा रिफर गर्ने प्रबन्ध हुनुपर्दछ । यसखाले विशेषज्ञ अस्पताल सबै प्रदेश तहमा हुनु उपयुक्त हुन्छ । सुरूसुरूमा मानसिक रोगको उपचार सम्भव छ भन्ने विश्वास जागृत गर्नकै लागि पनि मानसिक रोगीलाई अस्पताल लगेर उपचार गरी सञ्चो गराउने प्रबन्ध सम्बन्धित स्थानीय तहले जिम्मा लिनु उपयुक्त हुन्छ ।

समुदायमा जागरण ल्याउने मार्गमा शिक्षक, विद्यार्थी र स्वास्थ्यकर्मीको पनि विशेष भूमिका हुने गर्दछ । खासगरी स्वास्थ्यकर्मीहरूलाई मानसिक रोगको कारण र समाधानका उपाय सम्बन्धमा प्रशिक्षित गर्नुपर्दछ । प्रतिस्पर्धा मात्र भन्दा पनि सन्तुलित रहने र मानवीयता प्रवर्द्धन एवं संस्कारसहितको शिक्षाको प्रबन्ध विद्यालयमा उपलब्ध हुनुपर्दछ । सबै शिक्षकहरूलाई आधारभूत अभिमुखीकरण गर्नुको साथै मानसिक स्वास्थ्यको विषय हेर्न एक जनालाई शिक्षकलाई फोकल पर्सन तोकिनु उपयुक्त हुन्छ । एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयनमा रहेको विद्यालयमा ती नर्सहरूलाई पनि मानसिक स्वास्थ्यका लागिसमेत प्रयोग गर्न सकिन्छ ।

स्थानीय अगुवाहरू, धार्मिक संस्था र समाजसेवीहरूको अग्रसरतामा मानसिक समस्याका विज्ञहरू तथा परामर्शकर्तासमेत संलग्न गरी समुदायमा आत्महत्या रोकथामसम्बन्धी सचेतना कार्यक्रमहरू, शिविरहरू सञ्चालन गर्नु आवश्यक छ, ताकि समाजमा मानसिक स्वास्थ्य समस्या र आत्महत्याबारे खुलारूपमा छलफल गर्न सकियोस्, समस्या पहिचान गरी समाधानको पहल पनि समयमै गर्न सकियोस् ।

### व्यक्तिगत तहमा मानसिक स्वास्थ्य कायम गर्ने तरिकाहरू

पूर्वीय सभ्यताका मूल आधारका रूपमा रहेका धर्मशास्त्रहरूमा वर्णित वा आध्यात्मिक साधक र गुरुहरूले भन्ने गरेका र खासगरी मानसिक स्वास्थ्य तथा स्वयं व्यवस्थापनसम्बन्धी पुस्तकका लेखकहरूले अगाडि सारेका आधारभूत विषयहरूका आधारमा सारांशरूपमा भन्नुपर्दा देहायका १२ वटा विधि वा तरिका वा जीवनशैलीबाट मानसिक रूपमा सन्तुलित र स्वस्थ रहन सकिन्छः

ब्रह्ममुहुर्तमा नै दिनको सुरुआत गर्नु धेरै किसिमले उपयुक्त छ । बिहान ५ बजे वा सो भन्दा अगावै उठ्नु र दिन शुभारम्भ गर्नु भनेको जीवनलाई सार्थक बनाउने महत्त्वपूर्ण आधार हो । यसो हुन सक्यो भने आफ्नो काम व्यवस्थित हुने र अरूलाई सहयोग गर्नका लागिसमेत समय निस्कने हुन्छ ।

बिहानी समयमा शारीरिक अभ्यासका साथै योग, ध्यानसहितको साधना गर्नु श्रेयस्कर हुन्छ । आजकल त अनलाइन माध्यमबाट पनि साधना सम्भव छ । समय मिल्दा १० दिन अवधिको विपश्यना ध्यानमा सहभागी हुन सकियो भने आफ्नो क्षमता र विकारहरूको सूक्ष्म समीक्षा गर्ने अवसर प्राप्त हुन्छ ।

समय मिल्नासाथ केही न केही काम प्रकृतिको सानिध्यमा गर्नु राम्रो हुन्छ । खेतीपातीलगायतका घरायसी काम, करेसाबारीसँग सम्बन्धित काम भए झनै राम्रो हैन भने पनि आफू बसोबास गरेको स्थान वरपर उपलब्ध प्राकृतिक स्थलहरू पुग्ने, छतमा बसेर आकाश नियाल्ने, ताल, पोखरी, खोला नजिक पुगेर केही समय बिताउँदा आफू रिचार्ज भएको प्रतीत हुन्छ।

उपभोग्य वस्तु र चिजहरू अर्थात् नभई नहुने र कममात्र प्रयोग गर्ने गर्दा जीवन सरल बनेर जान्छ । यो अवधारणालाई कम प्रयोगवाद वा मिनिमालिज्म पनि भनिन्छ। आफूले सकेको सहयोग त आश्रमहरू र अनाथहरूलाई सहयोग गरेर पनि गर्न सकिन्छ ।

हाम्रो विचार चल्ने दिमाखमा दुईवटा शाखा छन् । एउटा ज्ञानेन्द्रीयसँग सम्बन्धित चेतन र अर्को कहिल्यै नरोकिने तर बाहिर निस्क्रिय देखिने अवचेतन दिमाग । अवचेतन मनलाई जागृत राख्ने र प्रयोग गर्ने कला सम्बन्धमा सुसूचित भई राति निदाउने बेला र बिहान उठ्ने बखत आफूले गर्न खोजेका सकारात्मक प्रतिज्ञाका विषयहरू चिन्तन मनन गरियो भने अवचेतन मनले ती विषयहरू प्राप्तिमा हरतरहले सहयोग गर्ने मनोवैज्ञानिकहरूले बताएका छन् । अवचेतन मनमा चमत्कारिक क्षमता रहेको र प्रयोग गर्न जान्नुपर्ने विचार प्रसिद्ध मनोवैज्ञानिक एवं लेखक जोसेफ मर्फीले राखेका छन् ।

आफ्नो रुचिका अध्ययन, संगीत, नाचगानलगायतका विषयमा समय दिनुपर्छ । नियमितरूपमा पढ्ने तथा पढेको तथा थाहा पाएको कुरा डायरीमा टिपोट गर्ने बानी बसाल्नुपर्छ । नयाँ-नयाँ स्थानको भ्रमण गर्ने र ती स्थानका विविध राम्रा पक्षको सम्बन्धमा डायरीमा लेखी राख्नु राम्रो हुन्छ । मन मिल्ने साथीसँग समय बिताउने, पारिवारिक हिसाबले पनि छलफल गर्ने र आफूमा आएको संवेग तथा मानसिक उतारचढाव सम्बन्धमा भरपर्दो व्यक्तिसँग सेयरिङ गर्नु राम्रो हुन्छ ।

दैनिकरूपमा गरिने सानातिना घरायसी कामका साथै आफू संलग्न भएको काम वा पेसा व्यवसायलाई पूरै मन दिएर काम गर्नु नै सफल हुने र खुसी हुने उचित मार्ग हो । खानपानमा सुधार नगरिकन स्वास्थ्य राम्रो हुँदैन । शारीरिक स्वास्थ्य तथा मानसिक स्वास्थ्य आपसमा अन्तरसम्बन्धित छन् र दुवैका लागि उचित खानपान आवश्यक छ ।

समय-समयमा मौन रहने कलाको विकास र अरूको कुरा सुनेर मात्र प्रतिक्रिया दिने बानी भयो भने मानसिक अस्थिरता र बेचैनी हुने सम्भावना घटेर जान्छ । अरूबाट प्राप्त भएको सहयोगका लागि कृतज्ञ हुनुपर्दछ । समय वा सहयोग प्राप्त गर्नु नै अवसरको विषय भएकोले अरूप्रति अहोभाव प्रकट गर्नु आवश्यक हुन्छ । यसबाट थप साथ सहयोग र ऊर्जा प्राप्त हुने पनि सम्भावना बढेर जान्छ ।

एउटा व्यक्तिले जीवनमा पूर्णता पाउनका लागि मानवीयता र सामाजिक सद्भाव आवश्यक पर्दछ । यसका लागि घरपरिवार र विद्यालयमासमेत यस्तो खालको गुण विकासका लागि सबैजना जागरुक हुनुपर्दछ । सबैभन्दा महत्त्वपूर्ण कुरा त के हो भने हरेक व्यक्तिले आफ्नो मन र विचारलाई आफ्नो नियन्त्रणमा राख्न सक्नुपर्दछ । जुनसुकै घटनाक्रम जीवनभित्रको एक अनित्य पाटोको रूपमा देखापर्ने र दुःख वा सुख दुवैखाले क्षणहरू सधैंका लागि रहँदैनन् भन्ने भाव राख्नु आवश्यक छ ।

अन्त्यमा जीवन जिउने क्रममा बेलाबखत तनाव हुनु अनि नैराश्यता आउनु अस्वाभाविक होइन । तर कुनै संवेग हाबी हुनासाथ विचलित हुनु भने समस्या हो । सकारात्मक भावका साथ अरूको सहयोगसमेत लिएर काम गर्दै गयो भने तनाव व्यवस्थापन हुन्छ । सेवा भाव र आध्यात्मिक साधनाले पनि मनलाई अस्थिर हुन दिँदैन र अन्तरहृदयको सन्देश पालना गरी काम गरेमा सबैको भलो हुने अवस्था आउँछ । सन्तुलित जीवन जिउने र अरूको समस्याप्रति समानुभूति राखी समाधानको पहल गर्नु नै मानसिक समस्या कम गर्ने सही बाटो हुन सक्छ । मानव स्वास्थ्यको महत्त्वपूर्ण आयामका रूपमा मानसिक स्वास्थ्यलाई लिइनु र सोहीअनुसारका अभियानरूपी कार्यक्रमहरू सबै सरोकारवालाको सहभागितामा सञ्चालन गर्न भने ढिलाइ गर्नु हुँदैन । *रासस*

*(लेखक बागलुङका प्रमुख जिल्ला अधिकारी हुन्)*

## मननयोग्य

### चाणक्य नीति

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ।

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्।

पृष्ठ १ बाट क्रमशः

# देश रित्याएर रेमिट्यान्समा रमाउने शासकहरू !

वैदेशिक रोजगारी र शिक्षाका लागि विदेश जाने नेपालीको संख्या बढ्दै छ । कात्तिक महिनामा ७१ हजार र मंसिरमा ८३ हजारले नेपाल छाडे । मासिक हजारौंले आफ्नो जन्मभूमि छोड्छन् । विदेश जानेको संख्या ओरालो लाग्ने होइन, झनझन् उकालो चढ्दै छ । गाउँ रित्तिसकेको छ । गाउँको घरमा ताल्चा लगाएर श्रीमती र सन्तान काठमाडौं छिरेका छन् ।

सुविधाका लागि उनीहरू सहर पसेका हुन् । गाउँ खाली भयो, सहर महिला, बूढाबूढी र भुराले भरियो । गाउँको जग्गाजमिन जम्मै बाँझो बनिसक्यो । अहिले करोडौं नेपाली विदेशमा छन् । कतिपय उतैको नागरिक बनिसके, कतिपय आउजाउ व्यवहार गर्छन् । ३० वर्षअघि अस्ट्रेलिया के थियो ? छोटो अवधिमा अस्ट्रेलियाले सोच्दै नसोचेको विकास गर्‍यो । पढाउने नाममा अर्काको देशको राम्रो विद्यार्थी लग्यो ।

विद्यार्थीसँगै पैसा पनि गयो । तिनीहरूलाई काममा घोटायो । आज अस्ट्रेलिया समृद्धिको उचाइमा छ । मरुभूमि देश दुबई विकासमा धेरै अगाडि छ । तर, हाम्रो देश नेपाल भने अहिले पनि अल्पविकसित देशमा गनिन्छ । दक्ष जनशक्ति लगेर अन्यले विकासमा फड्को मारे, हामी हेरेको हेर्‍यै । सरकार पनि रेमिटचान्समा रमायो, अहिले देश नै खाली हुने अवस्थामा पुग्यो ।

२०५२ सालअघि जनता आफ्नै जन्मस्थलमा बस्थे । आफ्नो खेतबारीमा दुःख गर्थे । उनीहरू त्यसमै रमाइरहेका थिए । खेती किसानीले गुजारा चलिरहेको थियो । माओवादीले जनयुद्ध सुरू गरेपछि धेरैले आफ्नो घरगाउँ छोडे । नयाँ नेपालको नाममा माओवादीले गाउँबासीलाई लखेटे, अहिले नेताहरूले जनतालाई देशबाट लखेटेका छन् । गाउँ होस् या सहर जम्मै विदेश जानेमात्रै छन् ।

एक महिनामा ८३ हजारले मुलुक छोड्नु सामान्य कुरा होइन । सरकारले यसलाई हलुका रूपमा लिएको होला तर यसको ठूलै मूल्य चुकाउनुपर्ने हुन्छ । त्यत्रो जनयुद्ध गरेर ल्याएको लोकतन्त्र गणतन्त्रको उपलब्धि के ? प्रश्न उठेको छ । जनताले सुख पाउँछन् भनेर ल्याएको होइन, लोकतन्त्रिक गणतन्त्र ? तर, गणतन्त्र त केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाललगायतलाई मात्र रहेछ ।

केही कमाइ होला, घर चलाउला, छोराछोरी पढाउँला भनेर विदेश हानिएकाहरू बाकसमा प्याक भएर आइरहेका छन् । महिलाहरू यौन दुर्व्यवहारको सिकार बनेका छन् । गर्भधारण गरेर उनीहरू स्वदेश फर्किरहेका छन् । तैपनि यी शासकहरूको अलिकति चित्त दुख्दैन । मुटु पोल्दैन । जनतालाई यो अवस्थामा पुर्‍याउने त यिनै हुन् । यहीँ बस्छु, केही गर्छु भन्दा पनि वातावरण छैन ।

चप्पल नै नलगाइकन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा झोला बोकेर उभिएको तस्बिरहरू बेलाबखत सामाजिक सञ्जालमा चर्चा आइरहेका हुन्छन् । शासकहरूलाई यो भन्दा ठूलो चड्कन के हुन सक्छ ? सरकारले रोजगारी दिन सकेको भए, उनीहरू विदेश त जाँदैनथे । जनताको नेता भन्ने तर आफ्नो धोक्रो भर्ने काममात्र गर्ने । त्यसको मूल्य भने जनताले चुकाउनुपर्ने !

**– अनुसा थापा, भक्तपुर**

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**नवदुर्गा नाच नगदेशतर्फ** | भक्तपुरको प्रसिद्ध नवदुर्गा नाच मध्यपुरको नगदेशमा द्यो सगुनका लागि बालकुमारीबाट वासालाय गरेर (कपडा बिछ्याएर) कपडामा हिंडाउँदै नगदेशतर्फ लगिँदै । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# आँधीखोला तर्न 'फट्के'को भर

**वालिङ (स्याङ्जा)–** जिल्लाको भिरकोट-५ सिम्लेस्थित आँधीखोलामा फट्केमार्फत आवतजावत गर्न थालेको झण्डै ४० वर्ष पूरा भएको छ । स्थानीय बासिन्दा, शिक्षक, विद्यार्थीले विशेष गरेर हिउँदका समयमा फट्के उपयोग गर्दछन् ।

हिउँदका समयमा खोला वारपार गर्नका फट्केले सहज हुने गरेको जनप्रिय माध्यमिक विद्यालय भिरकोट-५ का शिक्षक कृष्णप्रसाद पौडेलले बताए । विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थी तथा सिम्लेबाट गैह्राथोक बजार जान फट्के बनाउनाले खोला तर्न सहज भएको उनले जानकारी दिए ।

'जाडोको समयमा खोला तर्दा चिसो हुने, जुत्ता मोजा खोल्नुपर्ने, कहिलकाहीं खोलाले बगाउनेसमेत गर्थ्यो,' उनले भने, 'खोलामा पस्नै नपरीकन वारपार गर्न फट्केले सहज भएको छ ।' स्थानीयवासी, शिक्षक, विद्यार्थी सबै मिलेर बर्सेनि बनाउँदै आएको फट्केले यस वर्ष पनि निरन्तरता पाएको उनले बताए । बाँस काटेर



सातदेखि नौवटा किला बनाउने र त्यसलाई भाटाले भकारीजस्तै गरी बुनिन्छ । बुनिएको भकारीलाई खोलामा लगेर ढुंगा भरिन्छ र त्यसलाई पिल्लरको रूपमा प्रयोग गरी बाँस तेर्स्याइन्छ । तेर्स्याइएको बाँसमाथि बालुवा भरिएको बोरा राखेर फट्के तयार गरिन्छ ।

खोलाको फैलावटका आधारमा भकारी बनाइने उनले बताए । 'खोला कति फराकिलो भएर बहेको छ, त्यसैका आधारमा भकारीको संख्या घटीबढी हुने गर्छ,' उनले भने, 'कहिले सात-आठवटा भकारी बुने पुग्छ, कहिले २०-२२ पनि बुन्नुपर्छ ।'

पहिला-पहिला बाँस खोज्न टाढाटाढाका गाउँगाउँमा पुग्नुपर्थ्यो । केही वर्ष अघिदेखि विद्यालय आफैंले बाँस रोपण गरेकाले बाँस खोज्न टाढा जानुपर्ने झण्झट हराएको छ । विद्यालयभन्दा केही तल आँधीखोलामा पक्की पुल निर्माण सुरु भएको पनि वर्षौं भयो । पुल समयमै सम्पन्न हुन नसक्दा पनि विद्यार्थी तथा स्थानीयले बाँसको फट्केबाट खोला वारपार गर्नुपर्ने बाध्यता रहिआएको छ । खोलाको किनारमै रहेको विद्यालयका शिक्षक, विद्यार्थीले कक्षा खाली भएका बेला स्थानीयसँगै जनश्रमदानमा सहभागी हुने गरेका छन् । फट्के बनाउन कम्तीमा तीन दिनदेखि बढीमा एक हप्तासम्म समय लाग्ने गरेको उनले बताए ।

पहिला वर्षा तथा हिउँदका समयमा माझी तथा बोटेहरूको सहायतामा डुंगाबाट वारपार गर्ने गरिएको स्थानीय चन्द्रध्वज खाणले बताए । डुंगाबाट खोला वारपार गर्ने गरिएकोमा पछिल्लो समय माझी तथा बोटे समुदाय विस्थापित भएपछि विकल्पका रूपमा फट्के हाल्न थालिएको उनले बताए ।

पायक पर्ने यस ठाउँमा झोलुंगे पुलका लागि पटक-पटक माग गरिएता पनि हालसम्म सुनुवाइ नभएको उनको गुनासो छ । 'हिउँदमा फट्के बनाउने र वर्षायाम सुरु हुने बेला झिक्ने यहाँको परम्पराजस्तै बनेको छ,' उनले भने, 'विगतका वर्षमाजस्तै यस वर्ष पनि विद्यालयको सक्रियता तथा अगुवाइमा फट्के बनाइएको छ ।' एकपटक फट्के बनाएपछि झण्डै सात-आठ महिनासम्म खोला वारपार गर्न सहज हुने गरेको छ । *रासस*

# माडीमा १२ सयभन्दा बढी परिवार गरिबीको रेखामुनि

**चितवन (प्रस)–** जिल्लाको माडी नगरपालिकामा एक हजार २६९ घरपरिवार गरिबीको रेखामुनि रहेको तथ्यांक सार्वजनिक गरिएको छ । माडी नगरपालिकाले जारी गरेको एक सूचनाका आधारमा यी परिवारलाई अति गरिब, मध्यम गरिब र सामान्य गरिब भनेर वर्गीकरण गरिएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिब घरपरिवार पहिचान सर्वेक्षण २०७८ मा आधारित गरिब घरपरिवारको सूची विवरण सार्वजनिक गरेको हो । नगरपालिकाका सूचना अधिकारी प्रवीण भण्डारीका अनुसार वि.सं. २०७८ सालदेखि माडी नगरपालिकाका नौवटा वडामा आठजना गणक र एकजना सुपरीवेक्षकले घरधुरी सर्वेक्षण गरेका थिए । सोही सर्वेक्षणका आधारमा गरिब घरपरिवार पहिचान गरी सार्वजनिक गरिएको हो । हरेक घरमा कार्यविधिअनुसारका प्रश्नावली बनाएर सर्वेक्षण गरिएको भण्डारीले जानकारी दिए । घरको आम्दानी, खर्च, आर्थिक अवस्थालगायत विषयमा केन्द्रित रहेर गणना गरिएको थियो ।

प्रारम्भिक सूचीमा परेका गरिबहरूलाई नाम सच्याउन र विवरण समावेश गर्न नगरपालिकाले १५ दिनको सूचनासमेत प्रकाशन गरेको छ । यस सूचीमा परेका परिवारहरूलाई सरकारले परिचयपत्र वितरणसँगै राज्यबाट पाउने सेवासुविधामा उच्च प्राथमिकतामा राख्ने सूचना अधिकारी भण्डारीले बताए । नगरप्रमुख ताराकुमारी काजी महतोले गरिब परिवारको पहिचानसँगै नगरपालिकालाई भावी कार्यक्रम बनाउनसमेत सहयोग पुग्ने बताए । गरिब परिवार लक्षित कार्यक्रमहरू बनाउन यो तथ्यांकले सहयोग पुग्ने उनको भनाइ छ ।

# नेपालगञ्जका विद्यालयमा सहकारी शिक्षा

**नेपालगञ्ज (प्रस)–** नेपालगञ्ज उपमहानगरपालिकाका विद्यालयमा सहकारी शिक्षा सुरु भएको छ । उपमहानगरपालिका क्षेत्रका छ विद्यालयका विद्यार्थीलाई लक्षित गरी सहकारी शिक्षा सुरु गरिएको हो । उपमहानगरपालिकाका पञ्जीकरण तथा सहकारी शाखाका प्रमुख प्रवीण रानाले बुधबार महेन्द्र उच्च माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीलाई सहकारी शिक्षा दिएसँगै अभियान सुरु भएको जानकारी दिए । उनले यस वर्ष नेपालगञ्जका छ विद्यालयमा सहकारी शिक्षा प्रदान गरिने जानकारी दिए ।

महेन्द्र मावि, आदर्श मावि, मंगलप्रसाद मावि, धम्बोझी मावि, सरस्वती र जयजनता माविमा सहकारी शिक्षा कार्यक्रम दिइने रानाले बताए । 'सहकारीको अवधारणा, सहकारी दर्ता र अहिले सहकारीमा देखिएका समस्या र अवस्थाका बारेमा जानकारी दिने उद्देश्यले यो कार्यक्रम सुरु गरेका हौं । विद्यार्थीमार्फत अभिभावक पनि सहकारीका बारेमा सचेत हुने हाम्रो बुझाइ छ,' उनले भने । हरेक वर्ष सञ्चालन भइरहेको सो कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको उपमहानगरपालिकाले जनाएको छ । उपमहानगरले विगत वर्षमा पनि यस्तो कार्यक्रम गर्दै आएको थियो । अघिल्लो वर्ष उपमहानगरका २४ विद्यालयका प्रतिनिधिको सहभागितामा सहकारी शिक्षा प्रदान गरिएको सहकारी शाखा प्रमुख रानाले जानकारी दिए ।

उपमहानगरपालिकाले सहकारीलाई व्यवस्थित र विश्वसनीय बनाउन सूचना प्रविधि तालिमसमेत दिएको छ । दुईदिने तालिममा सहकारीको सफ्टवेयर वा इन्टरनेट चलाउँदा हुने समस्या, त्यसबाट जोगिने तरिका, साइबर सेक्युरिटी, सहकारीको डिजिटल फर्म्याटमा उपस्थिति देखाउनेलगायत विषयमा प्रशिक्षित गरिएको जनाइएको छ ।


## Gramthan Rural Municipality
### Office of the Rural Municipal Executive
Tetariya, Morang
Koshi Province, Nepal

### Notice for the Letter of Intent

First Date of Publication 2081-09-05

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper Prabhab Dainik that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price Inclusive VAT |
|---|---|---|---|
| G.R/NCB/WORKS/12-081-082 | Uday Mishra Ko Ghar Dekhi Uttar Purba Ko Bato Kalopatrey ra Nala Nirmaan | A .AND S. CONSTRUCTION (136136219) | 3475542.12 |
| G.R/NCB/WORKS/13-081-082 | Wada no. 1 Bibhinna Sadak Kalopatrey (Package) | Stone Bridge construction private limited (606586656) | 4998763.98 |

## Gramthan Rural Municipality
### Office of the Rural Municipal Executive
Tetariya, Morang
Koshi Province, Nepal

### Notice for the Letter of Intent

First Date of Publication 2081-09-05

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper Sourya Dainik that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price Inclusive VAT |
|---|---|---|---|
| G.R/NCB/WORKS/11-081-082 | Wada no 6 Bibhinna Sadak kalopatrey (package) | Stone Bridge construction private limited (606586656) | 8115995.21 |

## युएइमा रोजगार
कम्पनी : DELTACHEM MIDDLE EAST L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 309954 | चलानी नं. ६०२२४६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labour | 9 | 0 | 800 | ४४,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदीमा रोजगार
कम्पनी : IRAD AL KHAIR GENERAL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 315569 | चलानी नं. ६०२२९८७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 20 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
## कृषि विकास फार्म
सुन्दरपुर, कञ्चनपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति- २०८१/०९/०५**

यस कार्यालयबाट मिति २०८१/०७/२७ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरू मध्ये तपशिलको न्युनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतिका लागि छनौट भएको बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक रू. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | ADF/Kanchanpur/01/2081/082 | Compound Wall Construction Work | Prasanga Nirman Sewa Pvt.Ltd.Krishnapur 05, Kanchanpur | 38,53,639.65 |

## धौलागिरी कालिका हाईड्रो लिमिटेड
**(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)**
**काठमाण्डौ, नेपाल**

**नवौं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस धौलागिरी कालिका हाईड्रो लिमिटेडको नवौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१/०९/२६
**समय** : विहान ११:०० बजे
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु**
१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. आ. व. ०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात र आ. व. ०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. ०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।
४. काठमाण्डौ म्याग्दी इनभेष्टमेन्ट प्रा.लि. लाई यस कम्पनमिा गाभ्ने वा प्राप्ती गर्ने सम्वन्धमा ।
५. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाका सम्बन्धमा ।
६. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः- अन्य आबश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५४२७३०, ४५३६८१९ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

# प्रभाव दैनिक

शुक्रबार, ०५ पुस २०८१ (Friday, December 20, 2024)


रूपशाला


## ओस्कारबाट बाहिरियो 'शाम्बाला'

९७औं ओस्कार अवार्डबाट फिल्म 'शाम्बाला' बाहिरिएको छ । नेपालबाट अन्तर्राष्ट्रिय फिचर विधामा सिफारिस फिल्म उत्कृष्ट १५ फिल्मको सर्टलिस्टमा समेत पर्न सकेन । बुधबार अस्कर आयोजक संस्था एकेडेमी अफ पिक्चर आर्ट्स एन्ड साइन्सेसले सार्वजनिक गरेको सर्टलिस्टमा 'शाम्बाला' सहभागी छैन । मीनबहादुर भाम निर्देशित फिल्म 'शाम्बाला' केही अगाडि नेपालमा प्रदर्शनमा आएको थियो । फिल्मले अस्ट्रेलियाको एसिया प्यासिफिक अवार्डमा युनेस्को कल्चरल डाइभर्सिटी अवार्ड, भारतको मुम्बई फिल्म फेस्टिभलमा स्पेसल मेन्सन अवार्ड, टर्कीको बोसफोरस फिल्म फेस्टिभलमा उत्कृष्ट फिल्म, निर्देशक र अभिनेत्रीको अवार्ड जितिसकेको छ ।



# ३८ दिनमा 'वसन्त'को इन्डक्ल्याप

■ प्रभाव संवाददाता




**काठमाडौं–** गायक तथा अभिनेता प्रकाश सपुतको निर्देशनमा डेव्यु फिल्म 'वसन्त'को छायांकन सकिएको छ। बुधबार ३८ औं दिनमा फिल्मको इन्डक्ल्याप गरिएको हो । आगामी चैत्र २२ गते चैते दसैंको अवसर पारेर प्रदर्शनमा आउने फिल्म गायक तथा निर्देशक सपुतको जन्मथलो बागलुङ, काठमाडौं र तराईका विभिन्न स्थानमा खिचिएको हो ।

फिल्ममा प्रकाश सपुतसहित स्वस्तिमा खड्का, प्रभात पाल ठकुरी, खड्क बहादुर पुन (खबपु), शिवांशी श्री, अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे लगायतका कलाकारको अभिनय गरेका छन् ।

सोसल ड्रामाको फिल्ममा कथा, पटकथा र संगीत पनि सपुतले नै तयार पारेका हुन् । विपन्न विश्वकर्मा समुदायको छोराको लेखक बन्ने सपना र लक्ष्य हासिल गर्न उसले गर्ने संघर्षको कथा फिल्मले भन्नेछ ।

# 'चिट्ठा' बनाउँदै आरएल लामा

**काठमाडौं (प्रस)–** कमेडी जनरामा सिनेमा 'चिट्ठा' निर्माण हुने भएको छ । पौष दोस्रो साताबाट फ्लोरमा जाने सिनेमाको निर्देशन आरएल लामा मोक्तानले गर्नेछन् । सिनेमाको कथा, पटकथा तथा संवाद स्वंयम निर्देशक आरएल लामाले नै तयार गरेका हुन् ।

लंका फिल्म प्रालिको व्यानरमा निर्माण हुने सिनेमामा धिरेन शाक्य, भोलाराज सापकोटा, अर्जुन गुरुङ, निमा लामा, रसिला कार्की लगायतका कलाकारको मुख्य भूमिका रहनेछ । सिनेमाको लागि एक अभिनेता र एक अभिनेत्री छनोटको चरणमा रहेको निर्देशक लामाले बताए ।

रेल्लु माया तामाङ प्रस्तुतकर्ता रहेको सिनेमामा आर सुनाम मोक्तानको लगानी रहनेछ । मियम मोक्तान सह-निर्माता रहेको सिनेमामा रंग पत्रकार सञ्चु थोकरको छायांकन, शंकर महर्जनको द्वन्द्व निर्देशन, निर्देशक आरएल लामाको शब्द तथा संगीत, युवराज कँडेल र अन्नु चौधरीको स्वर रहनेछ ।

# गायनसँगै स्टेजमा सरिताको जादु

■ प्रभाव संवाददाता



**काठमाडौं–** गायिका सरिता भारती यतिबेला एकपछि अर्को गीतको रेकर्डिङमा व्यस्त छिन् । उनले यसैसाता आफ्नो स्वरमा मात्र नयाँ गीत छोड सताउन... रेकर्ड गरिन् । मुलत लोक भाकाका गीतहरू गाउँदै आएकी सरिताले यसपटक पनि गायक ओम सुनारसँग लोक भाकामै यो गीत रेकर्ड गराएकी छिन् ।

म्युजिक किचनमा रेकर्डिङ गरिएको यो गीतलाई डब्बु क्षत्रीले लेखेका हुन् । गीतमा संगीत र संगीत संयोजना पनि गायक ओम सुनारकै रहेको छ । यो गीतको भिडियो अर्को साता रिलिज हुने पनि गायिका सरिताले बताएकी छिन् । डब्बु क्षत्रीकै निर्देशन र कृष्ण रसालको कोरियोग्राफी रहेको यो गीतको भिडियोमा सनम कठायत, प्रवण भुसाल, सरिता भारती, प्रतीक्षा काफ्ले, सजिना लामिछाने, रंजित सिंजाली, नकुल गिरी, एचके गिरी, सुरेन्द्र गिरीलगायतको अभिनय रहेको छ ।

बिगत एक दशकदेखि गायनमा सक्रिय सरिताको यो दोश्रो सुदुरपश्चिमेली गीत हो । यस अघि उनले गायक हिमालय राजसँग आफ्नो स्वरमा देउडा गीत हे गाजली...को भिडियो दर्शकमाझ ल्याएकी थिईन् । सो गीतको सफलतापछि उनले फेरी यसपटक सुदुर पश्चिमेली भाकामै यो गीत ल्याउँदै छिन् । गीतको भिडियो १० पुष क्रिसमसको दिन रिलिज हुने पनि गायिका सरिताले बताईन् ।

तीन महिना अघिमात्र उनले गायक नमराज ढुंगानासँग आफ्नो स्वरमा काठे लोक गीत नगर दोमन...को भिडियो दर्शकमाझ ल्याएकी थिईन् । त्यसअघि काठे भाकाकै असारै मास (झरी) र जिस्केर मस्केर... जस्ता लोकगीत ल्याएकी उनले नमराजसंग आफ्नो तेश्रो काठेगीत दर्शकमाझ प्रस्तुत गरेकी हुन् । यो गीतलाई पनि दर्शकले निकै मनपराएपछि यतिबेला उनले सुदुरपश्चिमेली भाकाको नयाँ गीत छोड सताउन ल्याउन लागेको बताएकी छिन् । यसपछि ओम सुनारकै संगीतमा अर्को नयाँ गीत आगामी माघ/फागुनमा आउने पनि उनले बताएकी छिन् ।

यो ६ महिनामा सरिताको चारवटा गीतहरू दर्शकमाझ आईसकेका छन् । गत असारमा उनको गीत बजाईदेउन बाजा...को भिडियो दर्शकमाझ आएको थियो । सरिताकै स्वरमा रहेको सो गीतमा बरिष्ट संगीतकार शम्भुजीत बासकोटाको संगीत र डब्बु क्षत्रीको गीत रचना रहेको थियो । त्यतिबेलै उनले सरसफाई सम्बन्धि सन्देशमुलक गीत पनि ल्याएकी थिईन् ।

त्यसो त संगीतकार दीपक शर्माको शब्द संगीतमा सरिताले अरु दुई वटा पनि तयार गरेकी छिन् । कुर्था सुरुवाल... र सानो रेलैमा...गरी दुईवटै लोक भाकाका गीत पनि तयार गरेको गायिका सरिताले बताएकी छिन्,'दीपक शर्माको शब्द संगीतमा यी दुई वटा गीत पनि तयार भईसकेको छ । म्युजिक कम्पनी मार्फत यो गीतको भिडियो निर्माण पनि चाँडै हुँदैछ । आगामी चैत/बैशाख अर्थात २०८२ नयाँ वर्ष आसपारमा यी गीतहरू पनि बजारमा ल्याउने तयारी म्युजिक कम्पनीले गरेका छन् ।' सरिताले भनिन् ।

लोक तथा लोक दोहोरी गीतहरू बढी गाउँदै आएकी सरिता सबै प्रकारका गीत गाउने गायिकाको रूपमा परिचित छिन् । २०७० देखि नै विभिन्न स्टेज कार्यक्रममा गीत प्रस्तुत गर्दै आएकी उनले २०७५ सालमा आफ्नो स्वरमा पहिलो गीतको रूपमा मेरो जवानी....रेकर्ड गरिन्। उनले सुरुमा यसको अडियो सार्वजनिक गरिन् । गीतलाई रुचाएपछि उनले यो गीतको भिडियो पनि सार्वजनिक गरेकी थिईन् ।

त्यसपछि उनले लुडो र तास..., कोरोनाले देशै रोयो..., रातो सारी लरक्कै..., पहिलो भेटमै..., यसपालीको दशैं..., अँधेरीमा थिएँ म..., हे गाजली..., असारै मास (झरी), चिया पकाउ..., सेती बगर..., तिम्रो मायाँले न हो..., मेरो मायाँ भनी..., जिस्केर मस्केर..., बजाईदेउन बाजा..., नगर दोमन...जस्ता थुप्रै चर्चित गीतहरू दर्शकमाझ ल्याईसकेकी छिन् ।

गोरखाको मिरकोटमा जन्मिएकी सरिताले स्कुले जीवनमै विभिन्न जिल्ला स्तरीय प्रतियोगितामा गीत गाउँदै उत्कृष्ट गायिकाको पुरस्कार जितेकी थिईन् । त्यसपछि उनले आफ्नो स्वरमा गीत रेकर्ड गरेर व्यबसायिक गायनलाई निरन्तर अघि बढाउँदै आएकी छिन् । गायनकै क्रममा राष्ट्रिय अवार्ड र सम्मानसमेत उनले हाँसिल गरिसकेकी छिन् । सगरमाथा म्युजिक अवार्ड, छायाँछबी तीज म्युजिक अवार्ड, नाट्यश्वर म्युजिक अवार्ड, क्वालिटी म्युजिक अवार्ड, बिराट म्युजिक अवार्ड, राष्ट्रिय समावेशी (निम) म्युजिक अवार्डसहित थुप्रै अवार्डमा उनले सर्वोत्कृष्ट गायिकाको अवार्ड चुमिसकेकी छिन् ।

गायिका भारिता भारतीको अर्को विशेषता भनेको आफ्नो गीतमा आफैं मोडलिङ गर्नु हो । उनले आफ्ना सबैजसो गीतमा आफैंले मोडलिङ गरेकी छिन् । गीत गाउँदा नै आफ्नो गीतको भावमा डुब्ने गरेका कारण त्यही भावमा डुवेर अभिनय गर्दा आफुलाई अझ आनन्द आउने गरेको पनि गायिका सरिताले बताएकी छिन् ।

उनी विभिन्न मेला महोत्सबको स्टेज कार्यक्रममा पनि त्यत्तिकै व्यस्त छिन् । गत सातामात्र उनले भक्तपुरमा आयोजित प्रथम सूर्यविनायक कृषी सांस्कृतिक तथा व्यापार महोत्सव २०८१ मा आफ्नो गीत प्रस्तुत गरेकी थिईन भने यही पुषमा अरु दुईवटा मेलामा स्टेज कार्यक्रममा गाउने तय भएको पनि उनले बताएकी छिन् । माघ महिनाको लागि पनि तीन वटा कार्यक्रममा गाउने तय भएको पनि सरिताले जानकारी गराईन् ।

## रंगशाला

एनपिएल क्रिकेट

# कर्णालीलाई हराउँदै जनकपुर उपाधिका लागि भिड्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्णाली याक्सलाई दुई विकेटले पराजित गर्दै जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको दोस्रो क्वालिफायर खेलमा कर्णालीले दिएको एक सय १९ रनको लक्ष्य पछ्याएको जनकपुरले १९ ओभरमा आठ विकेट गुमाएर पूरा गरेको हो । जनकपुरले उपाधिका लागि सुदूरपश्चिम रोएल्ससँग यही पुस ६ गत प्रतिस्पर्धा गर्नेछ । बुधबार भएको पहिलो क्वालिफायर खेलमा सुदूरपश्चिमले जनकपुरलाई पराजित गर्दै फाइनलमा पुगेको थियो ।

जनकपुरको यो जितमा जिमी निशमले १७ बल खेल्दै दुई चौका र पाँच छक्काको मद्दतमा सर्वाधिक ४५ रन बनाए । शेर मल्लले अविजित १६ रन जोडे । हर्ष ठाकरले १७, मयन यादवले १५ र आकाश त्रिपाठीले १३ रन बनाएका हुन् । बलिङतर्फ कर्णाली याक्सका विपिनप्रसाद शर्माले तीन विकेट लिए भने सोमपाल कामी, विलियम बोसिस्टो र जिसन मक्सुदले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको कर्णाली याक्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै एक सय १८ रनको योगफल बनाएको थियो । कर्णालीका लागि गुलशन झाले २० बलमा एक चौका र दुई छक्काको मद्दतमा सर्वाधिक २५ रन बनाएका हुन् ।

त्यस्तै ओपनर देव खनालले २० बलमा तीन चौका र एक छक्काको सहयोगमा २४ रन जोडे भने विलियम बोसिस्टोले १५ बलमा एक चौकाको सहयोगमा १४ रन बनाए । जिशान मक्दुई चौकाको सहयोगमा १२ रन जोड्दा १७ बल खेलेका उनिस ठकुरीले दुई चौका प्रहार गर्दै १२ रन बनाएका थिए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बटुल्न सकेनन् ।

कप्तान सोमपाल कामी पाँच रनमा आउट भए भने जयकिशन कोल्सावालाले एक रन बनाएका थिए । जनकपुरका लागि जेम्स निशम, मोहम्मद मोहसिन र ललितनारायण राजवंशीले समान दुई/दुई विकेट र हर्ष ठाकर र शेर मल्लले समान एक/एक विकेट लिएका थिए ।

# एनआरटीको जितमा अञ्जनको ह्याट्रिक

**काठमाडौं (प्रस)–** कप्तान अञ्जन विष्टको ह्याट्रिकसँगै न्युरोड टिम (एनआरटी) झापा कपको सेमिफाइनलमा प्रवेश गरेको छ । बिर्तामोडस्थित डोमलाल राजवंशी रंगशालामा बिहीबार भएको खेलमा चित्लाङ एफसीलाई ५-१ ले हराउँदै एनआरटीले अन्तिम चारमा स्थान बनाएको हो । अब एनआरटीले फाइनल प्रवेश गर्न शनिबार इटहरीको राष्ट्रिय जागृति क्लबको सामना गर्नेछ ।

१३औं मिनेटमा अञ्जनको गोलमार्फत एनआरटीले सुरुआती अग्रता लिएको थियो । ३६औं मिनेटमा अञ्जनले पेनाल्टीमार्फत टोलीको अग्रता दोब्बर बनाए ।

४२औं मिनेटमा जनक कोइरालाले गोल गर्दै चित्लाङलाई २-१ को स्थितिमा ल्याए । ६५औं नेमारले एनआरटीका लागि तेस्रो गोल गरे । त्यसको तीन मिनेपछि नै शिशिरले गोल गर्दा एनआरटीको अग्रता ४-१ मा पुग्यो । ८८औं मिनेटमा पेनाल्टीमार्फत अञ्जनले ह्याट्रिक पूरा गरे ।


## Invitation for Bid

**Putha Uttarganga Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Takasera,Rukum (East)**
**Lumbini Province,Nepal**

***Re-Invitation for Bids for the construction work under the below mentioned contract:***

*First Date of Publication: 2081/07/03 B.S (2024/11/18 A.D)*

*Second Date of Publication:2081/09/05Bs (2024/12/20 A.D)*

1. ***Putha Uttarganga Rural Municipality (PURMO)*** invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office ***PURMO Takasera, Rukum (East)*** on or before ***12:00 Noon on 2081/09/21 B.S (2025/01/05A.D)***.Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 on 2081/09/21 B.S (2025/01/05A.D).*** at the office of ***PURMO Takasera, Rukum (East).*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid securityamounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. ***Putha Uttarganga Rural Municipality Office (PURMO) ,Takasera, Rukum (East )*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
Name of the Bank: Siddartha Bank Ltd., Putha Uttarganga Branch
Name of Office: Putha Uttarganga Rural Municipality, Takasera,Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | Putha Uttarganga (GA 03) Dharauti Khata |
| A/c No. | 01415359946 | 01415220470 |

7. The Name and identification no of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Average Annual Turnover (NRs) | Specific Nature of Similar Work Experience (NRs) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | Construction of four Roomed School Building at Shree Sanobheri Aa.Bi KharKhola-07, Shree ,Aadarsha Aa.Bi Dimurgairah-06, Shree Janjyoti aa.bi Jang-07 and 2 roomed school building at Shree Janpriya Aa.bi Ghumlibang-10 | EGP/PURMO/NCB/WORKS/SCL/81/82-01 | 2,93,40,000/- (Two Crore NIinety three lakh and fourty thousand Only) | 78,23,500/- (Seventy-Eight lakh Twenty-three and five hundred Only) | 5000/- (Five thousand only) | 5,68,000 /- (Five lakh sixty-eight thousand only) |

***Chief Administrative Officer***

# गाजामा युद्धविराम हुनेमा अमेरिकी विदेशमन्त्री 'आशावादी'

**न्युयोर्क–** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गाजामा इजरायल र हमासबीच युद्धविराम हुनेमा आफू आशावादी रहेको बताएका छन् । विदेशमन्त्री ब्लिन्केनले प्यालेस्टिनी भूमिमा १४ महिनादेखि जारी क्रूर युद्ध अन्त्य गर्ने आफ्नो सरकारको पटक-पटक प्रयास विफल भएको बताए।त्यसैले युद्धविरामले गाजामा स्थायी शान्तिको वातावरण बनाउनेमा भने विश्वस्त देखिएनन् ।

जनवरी २० मा कार्यकाल पूरा हुने ब्लिन्केनले भने, 'हेर्नु, म आशावादी छु । तपाई पनि हुनुपर्छ । हामीले जिम्मेवारीबाट बिदा लिनुअघि युद्धविरामका लागि प्रत्येक हप्ताको हरेक दिनको पलपल प्रयोग गर्ने छौं ।'

वैदेशिक सम्बन्ध परिषद्को बैठकमा उनले भने, 'हामीले युद्धविरामको सम्भावना के हो भनेर अनुमान लगाउनु गलत हुने छ ।' उनले युद्धविराम सम्झौताअन्तर्गत केही बन्धकहरूलाई मुक्त गरिएकोतर्फ संकेत गर्दै भने, 'युद्धविराम हुनुपर्छ । यो हुन आवश्यक छ । हामीले बन्धकलाई घर फर्काउनु आवश्यक छ ।'

युद्ध सुरु भएयता मध्यपूर्वको १२औं भ्रमणका क्रममा गत हप्ता गरेको मूल्यांकन दोहोर्‍याउँदै हमासले आफ्नो संरक्षक इरानलाई भएको क्षतिका कारण थप लचकता देखाएको ब्लिन्केनले बताए । ब्लिन्केनले गाजामा दीर्घकालीन उपस्थितिको समर्थन गर्ने इजरायली नेतृत्वको भनाइलाई अस्वीकार गर्दै युद्धको अन्त्य इजरायलको हितमा छ र युद्धपछि सम्झौता हुनु आवश्यक छ भन्ने आफ्नो अडान दोहोर्‍याए ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई निरन्तर समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि हमासले गरेको अभूतपूर्व आक्रमणका कारण एक हजार २०८ जनाको मृत्यु भएको थियो, जसमध्ये अधिकांश सर्वसाधारण थिए ।

हमास आक्रमणको बदलामा गाजामा इजरायलले गरेको जवाफी कारबाहीमा कम्तीमा ४५ हजार ९७ जनाको मृत्यु भएको छ, जसमध्ये अधिकांश सर्वसाधारण रहेको संयुक्त राष्ट्रसंघले पुष्टि गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयको तथ्यांकले देखाएको छ । राष्ट्रसंघको तथ्यांकअनुसार इजरायली आक्रमणबाट गाजास्थित प्यालेस्टिनी इलाकाको अधिकांश भाग भग्नावशेषमा परिणत भएको छ, जसका कारण १९ लाखभन्दा बढी प्यालेस्टिनीहरू विस्थापित भएका छन् । यो गाजाको कूल जनसंख्याको करिब ९० प्रतिशत हो । *रासस⁄एएफपी*

# अफगानिस्तानमा दुई छुट्टाछुट्टै बस दुर्घटनामा कम्तीमा ५२ जनाको मृत्यु



**अफगानिस्तान–** अफगानिस्तानको मध्य भागमा रहेको राजमार्गमा इन्धन ट्याांकर र ट्रक एक आपसमा ठोक्किँदा ५२ जनाको मृत्यु हुनुका साथै ६५ जना घाइते भएका तालिबान सरकारका प्रवक्ताले बिहीबार बताएका छन् ।

राजधानी काबुल र दक्षिणी कान्दाहार सहरको बीचमा रहेको गजनी प्रान्तमा बुधबार राति भएको दुर्घटनामा प्रान्तीय सूचना तथा संस्कृति प्रमुख हमिदुल्लाह निसारले एक्समा बताए । 'काबुल-कान्दाहार राजमार्गमा दुई छुट्टाछुट्टै स्थानमा सवारी दुर्घटना भएको र घटनामा ५२ जनाको मृत्यु भएको छ भने ६५ जना घाइते भएका छन्,' सरकारका मुख्य प्रवक्ता जबीहुल्लाह मुजाहिदले भने ।


मध्य गजनीको शाहबाज गाउँ नजिकै एउटा बस इन्धन ट्यांकरसँग ठक्कर खाँदा दुर्घटना भएको थियो भने अर्को बस पूर्वी जिल्ला अन्दरमा एउटा ट्रकसँग ठोक्किएको निसारले बताए ।

उद्धार टोली घटनास्थलमा पुगेको र घाइतेलाई अस्पताल पुर्‍याएको र केहीको अवस्था गम्भीर रहेको उनले बताए । दशकौं लामो द्वन्द्व खेपेको अफगानिस्तानमा कमजोर सडक, राजमार्गमा तीव्र गति गुड्ने सवारीसाधन र नियमनको अभावका कारण अफगानिस्तानमा सवारी दुर्घटना हुने गरेको छ ।

गत मार्चमा दक्षिणी हेल्मान्ड प्रान्तमा एउटा बस र इन्धन ट्यांकर ठोक्किँदा २० जनाभन्दा बढीको मृत्यु भएको थियो भने ३८ जना घाइते भएका थिए । सन् २०२२ को डिसेम्बरमा अफगानिस्तानको उचाइमा रहेको सलाङ पासमा इन्धन ट्यांकर पल्टिएर आगलागी हुँदा ३१ जनाको मृत्यु हुनुका साथै दर्जनौं मानिस जलेर घाइते भएका थिए । *रासस⁄एएफपी*

# भारतीय संसद् भवन परिसरमा सांसदबीच झडप





**नयाँदिल्ली–** भारतीय संसद् भवन परिसरमा सत्तारुढ र विपक्षी र गठबन्धनका सांसदबीच झडप भएको छ । उक्त झडपमा परी भारतीय जनता पार्टी (भाजपा) का सांसद प्रतापचन्द्र सारंगी र मुकेश राजपुतलाई चोट लागेको भाजपाले जनाएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सांसद सारंगी र राजपुतलाई फोन गरी उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् । भारतीय राष्ट्रिय कांग्रेसका नेता राहुल गान्धीले भाजपा सांसदहरूले आफूलाई संसद्मा प्रवेश गर्नबाट रोकेको र धकेलेको आरोप लगाएका छन् । कांग्रेसले सत्तारूढ पार्टीका सांसदले धकेल्दा आफ्ना अध्यक्ष मल्लिकार्जुन खड्गेलाई खुट्टामा चोट लागेको बताएको छ ।

भाजपा नेता तथा संघीय सरकारका गृहमन्त्री अमित शाहले बाबासाहेब अम्बेडकरविरुद्ध गरेको अपमानजनक टिप्पणी गरेको विषयमा सत्तारूढ दल र विपक्षी दलका नेताबीच विवाद चर्किंदा संसद् परिसरमासमेत झडप भएको हो । भारतीय जनता पार्टी (भाजपा) का सांसद सारंगीले कांग्रेस नेता राहुल गान्धीको धक्काले आफू घाइते भएको दाबी गरेका छन् । सारंगीले आफू सिँढीमा उभिरहेको बेला विपक्षी नेताहरूको धकेलाधकेलमा सांसदहरू आफूमाथि लडेको र यसबाट आफ्नो टाउकोमा चोट लागेको बताएका छन् । सिंहले पत्रकारसँग भने, 'गान्धीले संसद्मा प्रवेश गर्ने क्रममा एक जना सांसदलाई धक्का दिनुभयो उहाँ ममाथि परेपछि म ढलें ।'

घटनापश्चात् भाजपा सांसदलाई एम्बुलेन्समा राखेर उपचारका लागि लगिएको थियो । दुवै सांसदलाई दिल्लीको राममनोहर लोहिया अस्पतालमा भर्ना गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट अजय शुक्लाले बताए । उनले भने, 'उहाँहरू दुवैजनाको टाउकोमा चोट लागेकाले आइसियूमा भर्ना गरिएको छ । अस्पतालमा ल्याइपुर्‍याउँदा सांसद् सारंगीलाई गहिरो चोट लागेको र अत्यधिक रक्तश्राव भइरहेको थियो, अहिले उनको उपचार सुरू गरिएको छ । परीक्षणहरू पनि भइरहेका छन् ।' शुक्लाले अगाडि भने, 'राजपुत बेहोस भएपछि ल्याइएको र अहिले उहाँ होसमा हुनुहुन्छ तर चिन्तित देखिनुहुन्छ ।'

कांग्रेस नेता राहुल गान्धीले घटनामा आफ्नो बचाउ गर्दै भने, 'म संसद्भित्र पस्ने कोसिस गरिरहेको थिएँ, मलाई भाजपा सांसदहरूले धकेले र अवरोध गर्दै धम्की दिए ।' गान्धीले भने, 'उनीहरूले कांग्रेस प्रमुख मल्लिकार्जुन खड्गेलाई पनि धकेले । यो तपाईंको क्यामरामा हुन सक्छ । हामीलाई झट्काले असर गर्दैन । यो प्रवेशद्वार हो र हामीलाई भित्र जाने अधिकार छ ।'

कांग्रेस सांसद केसी वेणुगोपालले भारतीय जनता पार्टी (भाजपा) का सांसदहरूले कांग्रेस नेताहरूलाई संसद्मा प्रवेश गर्नबाट रोकेको आरोप लगाएका छन् । उनले भने, 'लज्जाजनक घटना भएको छ । भाजपाका सांसदहरूले कांग्रेसका अध्यक्ष तथा आदरणीय नेतालाई धक्का दिए भने लोकसभाका विपक्षी नेतालाई पनि सदनमा प्रवेश गर्नबाट रोकियो र धकेलियो । भाजपाका यी सांसदहरू वातावरण बिगार्न र संसद्को गरिमा घटाउनका लागि स्पष्टरूपमा जिम्मेवार थिए ।'

भाजपा नेता तथा संघीय सरकारका गृहमन्त्री अमित शाहले बाबासाहेब अम्बेडकरविरुद्ध गरेको अपमानजनक टिप्पणीको जवाफदेहिताबाट उनीहरूलाई कुनै पनि नाटक वा छलकपटले बचाउन सक्दैन । भाजपाले गान्धी र अन्य सांसदहरूविरुद्ध भाजपा सांसदहरूविरुद्ध शारीरिक हिंसाको आरोप लगाउँदै उजुरी दर्ता गर्ने बताएको छ । *रासस⁄एएनआई*


## कतारमा रोजगार
कम्पनी : Qatar Airways SSP LLC
पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 311129 | चलानी नं. ६०२२०३३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1500 | ५५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 3 | 1500 | ५५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

GLOBAL OVERSEAS SERVICES PVT. LTD
Opposite of Chirayu National Hospital, K.M.C. - 03, Basundhara, Kathmandu, Tel: 01- 4377864, 4371146
Email: info@globaloverseas.com.np, info.gos96@gmail.com, Web: www.globaloverseas.com.np
श्रम इजाजत नं. ७९/०५२/५३

## मलेसियामा रोजगार
कम्पनी : AYER HOLDINGS BERHAD
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315209 | चलानी नं.६०२२९८८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OIL PALM WORKER | 19 | 0 | 1500 | ४५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

Global Dynamic Manpower Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497, E-mail: globaldynamics1594@gmail.com

## साउदीमा रोजगार
कम्पनी : ALAFANDI CORNER RESTAURANT CO.LTD
पूर्व स्वीकृति मिति : २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 304515 | चलानी नं.६०२१९३१७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com
श्रम इजाजत नं. २६७/०५८/०५९

## युएइमा रोजगार
कम्पनी : EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
पूर्व स्वीकृति मिति : २०८१/०५/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 310879 | चलानी नं. ६०२२५४३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforce Fitters | 64 | 0 | 1200 | ४४,४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Suttering Carpenter | 80 | 0 | 1200 | ४४,४८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com
श्रम इजाजत नं. १०५०/०७३/०७४

## साउदीमा रोजगार
कम्पनी : REST INN FURNISHED APARTMENT
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315572 | चलानी नं. ६०२२९८७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1200 | ४३,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, चोभार, बुढानिलकण्ठ, काठमाडौंमा मिति: २०८१ पुस १२ गते (27th Dec. 2024) मा हुनेछ ।

Ishan Overseas Pvt. Ltd.
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com
श्रम इजाजत नं. ५३२/२०६१/०६२

## युएइमा रोजगार
कम्पनी : SUMER CONTRACTING COMPANY LLC
पूर्व स्वीकृति मिति : २०८०/११/०४ | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 300036 | चलानी नं. ६०२२९७०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 25 | 0 | 900 | ३३,६९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 25 | 0 | 1200 | ४४,९२२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) सम्म हुनेछ ।

MAHAD MANPOWER PVT. LTD.
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## साउदीमा रोजगार
कम्पनी : AL-JAWHARA AL-AWAL FOR BEVERAGES
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315610 | चलानी नं.६०२२९८६३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1300 | ४७,५७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TURKI AWAS AL-QAHTANI COMPANY FOR VEGETABLE AND FRUITS
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315611 | चलानी नं.६०२२९८६३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३६,५९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस १२ गते (27th Dec. 2024) मा हुनेछ ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590
श्रम इजाजत नं. ३३६/०५९/०६०

## साउदी/कतारमा रोजगार
कम्पनी : saudi arabia aquacool company is a one person company
पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 315095 | चलानी नं. ६०२२९८७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver / Heavy Driver | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PADRA MEDICAL CENTRE
पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 315591 | चलानी नं. ६०२२९८६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 11 | 4200 | १५४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com
श्रम इजाजत नं. १२३०/०७४/०७५

## युएइमा रोजगार
कम्पनी : CONNECT RESOURCES L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 315460 | चलानी नं. ६०२२९७८८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRICIANS GENERAL | 25 | 0 | 1200 | ४७,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 25 | 0 | 900 | ४०,४९५ | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४७,८५५ | | | | | | | |
| 4 | Steal Fixer | 25 | 0 | 1200 | ४७,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492
श्रम इजाजत नं. ५६७/०६२/०६३

## मलेसियामा रोजगार
कम्पनी : GAN TENG SIEW REALTY SDN BERHAD
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315207 | चलानी नं.६०२२९८८३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 15 | 0 | 1500 | ४५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : VICTORY ENGHOE PLANTATIONS SDN BHD
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315624 | चलानी नं.६०२२९८८८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 50 | 0 | 1500 | ४५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RENGO MALAY ESTATE SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315208 | चलानी नं.६०२२९८८४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 15 | 0 | 1500 | ४५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOUTHERN KERATONG PLANTATIONS SDN BHD
पूर्व स्वीकृति मिति : २०८१/०७/०१ | LT. No. 315206 | चलानी नं.६०२२९८८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 80 | 0 | 1500 | ४५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, 9851068111, 9744234691, 981-8156001, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ